Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १८, अंक- ३२, २०८२ साल फागुन २६ गते मंगलबार (March 10, 2026) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# रास्वपालाई दुईतिहाई बहुमत
# काग्रेस, एमाले खुम्चिए




**■ मोहन कार्की ।**

यहि फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले दुईतिहाई बहुमत पाएको छ। प्रत्यक्षतर्फ १२५ र समानुपातिक तर्फ ५८ सिट सुरक्षित गरेको छ । यो संख्या जोड्दा १८३ सिट हुन्छ। प्रत्यक्ष र समानुपातिक गरी २७५ सिट हुने प्रतिनिधि सभा सदस्यको लागि दुईतिहाई बहुमत पुऱ्यान १८४ सिट आवश्यक हुन्छ । जसमा स्वतन्त्र उम्मेद्धार डा. माहावीर पुनले तनहुवाट निर्वाचित भएको त्यस क्षेत्रमा रास्वपाले उम्मेद्धार फिर्ता गरेर माहावीर पुनलाई जिताउन पहल गरेको हुदा माहावीर पुनले रास्वपालाई सघाउने विश्वास गरिएको छ ।

यो आधारमा दुईतिहाई सहितको बहुमतको सरकार रास्वपाले बनाउने देखिन्छ । । यता विगत ३६ वर्षदेखि निरन्तर रुपमा सरकारमा रहेका नेपाली काँग्रेस, नेकपा एमाले, २०६२/२०६३ संयुक्त जनआन्दोलनवाट सरकारमा सहभागी भएको नेकपा माओवादी हालको नेपाली कम्युनिष्ट पार्टी औलामा गनिने सिट संख्या ल्याएर सदनमा बिउ पुजीको रुपमा मात्र जाने भएका छन् । सदनमा उनिहरु औपचारिक उपस्थितिको लागी मात्र सहभागिता हुनेछ । किनकी रास्वपासँग दुईतिहाई बहुमत भएपछि कुनैपनि एन, कानून, नीति नियम बनाउन एकमतले निर्णय गर्न पाउने स्पष्ट कानूनी व्यवस्था छ। त्यसैले अन्य पार्टीवाट निर्वाचित प्रतिनिधिसभा सदस्य सदनमा गएपनि नगएपनि कुनै फरक पर्ने देखिदैन ।

समय बदलिएको छ । सशान फेरिन लागेको छ । पारदर्शिताको शुरुवात हुनुपर्ने समय आएको छ। नतिजा जसरी निर्वाचनमा जनताले गोप्य मतदानवाट रास्वपालाई बिजयी गराएका छन् । त्यसैगरी जनता र देशको हितमा काम गर्नुपर्ने दाईत्व रास्वपालाई आएको छ। २०१५ सालमा नेपाली काँग्रेसले स्पष्ट बहुमत ल्याएर एकल सरकार बनाएको ईतिहास पछि » बाकी ६ पृष्ठमा

# सर्लाहीमा गगन थापा हार्नुका मुख्य कारण के के थिए ?



सर्लाही । नेपाली कांग्रेसका सभापति गगन थापा सर्लाही-४ मा उम्मेदवार हुने निर्णय अप्रत्यासित थियो। उम्मेदवार मनोनयनको दिन ९माघ ६ गते० उनले सर्लाहीमा प्रतिस्पर्धा गर्ने निर्णय लिए । सर्लाही-४ मा चुनावी प्रचारका लागि कम समय दिए पुग्ने विश्वासका साथ उनले यो क्षेत्र रोजेका थिए ।

सर्लाही(४ को प्रचारका लागि कम समय दिए पुग्ने पूर्व आकलन गरी देशभर कांग्रेसको चुनावी प्रचारमा उनी सहभागी हुन पाउने मनसायले थापाले यो क्षेत्र रोजेका थिए ।

सर्लाही(४ मा प्रचारका लागि धेरै समय खर्चिनु नपर्ने भन्दै सभापति थापालाई क्षेत्रका नेताहरुले विश्वस्त गराएका थिए । सर्लाहीका नेताहरुका अनुसार पूर्व जिल्ला सभापति सुरेन्द्र सिंह, वीरेन्द्र सिंह लगायतले सभापति थापालाई यो क्षेत्रको उम्मेदवार बनाउनका लागि बढी जोड गरेका थिए ।

सर्लाही (४ मा कम समय दिएर देशव्यापी प्रचारमा निस्कने पूर्व आकलन मिल्न सकेन । साथै, कडा मिहिनेतको बाबजुत परिणाम उनको पक्षमा आएन । प्रतिनिधि सभामा तीनपटक निरन्तर निर्वाचित सभापति थापा क्षेत्र परिवर्तन गरेर सर्लाही(४ पुग्दा पराजय भोगे ।

रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहको लहर छाएको बेला सभापति थापा पनि पराजित भए । सभापति थापाका प्रतिस्पर्धी अमरेश सिंहलाई बालेन्द्र शाहलाई देखाएर मत माग्ने सुविधा थियो ।

बालेन्द्र स्वयं रोड शो गरेर सर्लाही पुगेर अमेरशको पक्षमा माहोल बनाउने कार्य गरेका थिए । » बाकी ६ पृष्ठमा

**मधेशका ३२ मध्ये ३० सिटमा रास्वपा**

# धनुषाको विवाद अदालत पुग्यो




जनकपुरधाम । मधेश प्रदेशमा १ क्षेत्रबाहेक ३० सिटमा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका उम्मेदवार निर्वाचित भइसकेका छन् । मधेशको ३२ सिट मध्ये रौतहट क्षेत्र नं । २ बाहेक ३० क्षेत्रमा रास्वपाले चुनाव जितेको हो ।

रौतहट २ मा नेपाली कांग्रेसका मोहम्मद फिरदोश आलम निर्वाचित भएका छन् । » बाकी ६ पृष्ठमा

## यस्तो छ आठ जिल्लाकै परिणाम

सप्तरी क्षेत्र नं १ बाट रास्वपाकी पुष्पा कुमारी चौधरी, २ बाट रामजी यादव, ३ बाट अमरकान्त चौधरी र ४ बाट सिताराम साह निर्वाचित भएका छन् यस्तै, सिरहा क्षेत्र नं १ बाट बबलु गुप्ता, २ बाट शिव यादव, ३ बाट सम्भु कुमार यादव र ४ बाट तपेश्वर यादव विजयी भएका हुन् । धनुषा क्षेत्र नं १ को मतगणना रास्वपाको उम्मेदवारी खारेज भएको विषयका कारण विवादित बनेको छ । धनुषा क्षेत्र नं । २ बाट रामविनोद यादव, ३ बाट मनिष झा र ४ बाट राजकिशोर महतो निर्वाचित » बाकी ६ पृष्ठमा


# धनकुटामा अघिल्ला निर्वाचनभन्दा बढी मत बदर

धनकुटा- धनकुटामा यसपटक मतदाता शिक्षा प्रभावकारी नभएको पाइएको छ । विगतका निर्वाचनभन्दा यसपटक बढी दरमा मत बदर भएको पाइएकाले मतदाता शिक्षामाथि प्रश्न उठेको छ ।

निर्वाचन आयोगको कार्यतालिका अनुसार फागुन ३ गतेदेखि १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । मतदाता शिक्षाका लागि धनकुटामा रहेका ७ वटै स्थानीय तहका सामाजिक विकास शाखा प्रमुखलाई अनुगमन अधिकृत तोकिएको थियो । सबै वडामा स्वयंसेवक पनि परिचालन गरिएका थिए ।



तर, मतगणनाको परिणाम हेर्दा ठुलो मात्रामा मत बदर भएको छ । यहाँ प्रत्यक्षतर्फ कुल एक लाख १८ हजार ४२५ मतदातामध्ये ६४ हजार ९१ र समानुपातिक तर्फ एक लाख २० हजार ६४ मतदातामध्ये ६४ हजार ८८६ मत खसेको थियो । जसमध्ये प्रत्यक्षमा ५९ » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३२,
२०८२ साल फागुन २६ गते मंगलबार
10 MARCH 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

### जनताले रास्वपालाई बोकाएको भारी गन्तव्यमा पुगेर मात्र बिसाइयोस् ।

नेपाली जनताले २०८२ फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपालाई दुईतिहाई बहुमत दिएका छन् । यो बहुमत रास्वपाले सारेको घोषणापत्रको आधारमा र रवि, बालेनको क्रेज सुनेर यतिधेरै मत दिएका हुन् । रास्वपाले भन्दै आएको तपाईहरूको छोराछोरी, नातानातिनीको भविष्यको लागी भन्दै मत माग्ने क्रममा भनेका थिए । सोही अनुसार र पुरानालाई हेरयौ पटक पटक नयाँलाई हेरौ एकपटक भन्ने नाराका साथ निर्वाचनमा भाग लिएको पार्टी रास्वपालाई जनताले केही गरिपो हाल्छकी भन्ने प्रयोगको रूपमा पनि यो अवसर दिएको हुनुपर्छ ।

यतिवेला भरखरै मात्र देशभरीवाट उम्मेद्वारी दिएका प्रतिनिधिसभा सदस्यहरूमध्य धेरैले बिजय हाशिल गरिसकेका छन् । निर्वाचित भईसकेका प्रतिनिधिसभा सदस्यहरू नेपालको राजधानी काठमाडौमा पुगिसकेका छन् । विश्वको प्राकृतिक सुन्दर देश नेपालमा सम्भावना भईकन पनि विकासमा भौगोलिक कठिनाई राजनीतिक अचेतना र राष्ट्रिय नीति, नीयमहरू, ऐन कानूनहरू जनताको पक्षमा नभएको कारण तोकेको समयमा नतिजा निकाल्न सेकेको छैन ।

अपारदर्शिता र जनताले भनेको जस्तो भएन कुसाशन, भ्रष्टचार जस्ता विषय बढेको भनेर जेन्जी पुस्ताले गरेको आन्दोलनले ल्याएको संक्रमणलाई राजनीतिक निकास दिन भएको निर्वाचन हो । यो निर्वाचनले धेरै कोणवाट हेर्दा चुनौतीको बीचमा सम्भावनाको थालनी गर्ने अवसर पनि हो ।

यो परिस्थितिमा जनताले रास्वपालाई माथि उल्लेखित विषयहरू सावधान गर्ने र सम्पादन गरेर जनतालाई सहजता गराउन सक्छ भन्ने विश्वास गरेका हुन् । यो विश्वासलाई रास्वपाले आत्मसाथ गर्न सक्नुपर्छ ।

अर्को पुराना दलका विशेष गरेर कम्युनिष्ट घटनहरूले रास्वपा भनेको सम्राज्यवादी शक्तिवाट परिचालित हो भनेर आरोप लगाउदै आएका छन् । एमसिसि, एसपिपि पास गर्न अमेरिकाले बनाएको योजनामा रास्वपालाई जिताएको भन्ने आरोप छ । त्यसलाई चिर्न पनि देशको परराष्ट्र नीतिमा दिर्घकालीन नीति, बदिलो राष्ट्रिय नीति निर्माण गर्नुपर्ने भारी छदैछ । अर्को नेपालमा राजतन्त्र व्यवस्था बिस्थापन भएर गणतन्त्र स्थापना पछि असन्तोषको रूपमा वेला वेलामा उठिरहेको राजतन्त्रवादीको शक्तिलाई समेत विनविन स्विईचेशन हुने गरी राष्ट्रिय सहमति कायम गरेर देशलाई झनै बलियो बनाउनुपर्ने र अराजकताको पराकष्ठ बढ्दै गएको समस्यालाई हल गरेर आउदा दिनमा सु-सभ्य समाजको निर्माण गर्नुपर्ने चुनौतिको चाङ अगाडी उभिएको छ । त्यो चुनौतिको चाङको भारीलाई बोकेर रास्वपाले पार गर्नुपर्ने छ ।

यि सवै खालका चुनौतिको सामना गर्नुपर्ने भारी रास्वपासँग छ । यो भारी जनताले दिएको अभिमतलाई पुरा नगरेसम्म एक ढिक्का भएर जनताको पक्षमा नहुनजेलसम्म नबिसाई पुरा गरोस् ।

# नयाँ सरकार प्रति आमनागरिकहरूको विश्वास, भरोसा एवं अपेक्षा



■ राम चन्द्र कार्की

जेनजी आन्दोलनको मर्म र भावना अनुरुप चुनावी म्याण्डेट लिई सम्माननीय प्रधानमन्त्री श्रीमती शुसीला कार्की नेतृत्वको अन्तरिम सरकारले आफ्नो गहन दायित्वकोरुपमा रहेको प्रतिनिधि सभा सदस्य निर्वाचन हालै छिटफुट घटना बाहेक अत्यन्त सुझबुझकासाथ स्वतन्त्र, निष्पक्ष, धांधलीरहित एवं भयमुक्त वातावरणमा मतदान गर्न योग्य आमनागरिकहरु मध्ये करिब ६० % मतदाताहरुले आफ्नो अमूल्य मत खसालि तोकिएकै मिति यही फाल्गुण २१ गते सम्पन्न गरिसकेको छ ।

यद्दपि, यस सन्दर्भमा तोकिएको मितिमा निर्वाचन हुन नसक्ने विभिन्न अड्कलबाजीहरुको बिच नेपाल सरकार, सम्पूर्ण सुरक्षा निकाय, राष्ट्रसेवक कर्मचारीहरु र सम्बद्ध अन्य पक्षहरुको प्रभावकारी योजना, समन्वय र लगनशीलताले गर्दा पूर्व निर्धारित मिति मै निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न निर्वाह गरेको सराहनीय भूमिका प्रशंसनीय एवं कदरयोग्य रहेको छ ।

लोकतन्त्रमा जनताले विश्वासका साथ दिएको मतको हाम्रो देशमा हालसम्म विभिन्न समयमा बनेका सरकारहरुले सहि सदुपयोग र कदर नगरेको पाईन्छ । विभिन्न समयमा पटक पटक विभिन्न राजनीतिक दलहरुलाई जिताएर पहिलो दल बनाई सरकारमा पठाएको भएतापनि आमनागरिकहरुले धोका खाँदै आईरहेको, मुलुकमा सुशासन कायम नभएको, ब्याप्त भ्रष्ट्राचार, बेथिति, विसंगति, प्रणाली र पद्धतिमा मुलुक चल्न नसकि लहड र दम्भमा मुलुक चलि विपन्नता एवं परनिर्भर उन्मुख भैरहेको, सत्ता र शक्ति प्राप्तिको लोलुपता एवं यस्को दुरुपयोगबाट मुलुक र जनताले कहिल्यैपनि न्यायोचितरुपमा पाउनुपर्ने विकास र समृद्धि नपाई राखेको असामान्जस्यता कायम रहंदै आएको छ । यहांनेर ५ वर्षे कार्यकालको स्थिर सरकार बन्नुपर्नेमा बन्न नसकि खालि सत्ता र शक्ति प्राप्तिको खुड्किलाकोरुपमा मात्र जनताको अमूल्य मत खेर गएको र बोझिलो आर्थिक भारमात्र प्रत्येक नेपालीले बोक्नुपर्ने वाध्यतामा आमनागरिकहरु परेका छन् ।

राजनीतिक अस्थिरताको प्रमुख कारणहरुमा देश कै मूल कानूनकोरुपमा २०७२ सालमा जारी गरिएको संविधान पो वाधक हो कि ? संघीय संरचना सेतो हात्तीको रुपमा देशको अर्थतन्त्रले थेग्नै नसक्ने भएर पो हो कि ? महत्वकांक्षी एवं निहित स्वार्थले भरिएका सिमित ब्यक्तिहरुमात्र लाभान्वित हुने विकासका योजनाहरुले मात्र प्रश्रय पाएको हो कि ? सांसदहरुले आफ्नो कार्य क्षेत्र र अधिकार थाहा नपाएर ब्यतभ द्यबलप को लागि आ-आफ्नो क्षेत्रको लागि जस्को शक्ति उस्कै भक्ति स्वरुप बजेट कुम्ल्याउने प्रवृत्ति हावि भएर हो कि ? "आफ्नो गांउ आफै बनाउ" र "सांसद विकास कोष वा संसदीय पूर्वाधार विकास कार्यक्रम" अन्तर्गत सांसदलाई आफ्नो क्षेत्रमा विकासको लागि भनेर अर्थ मन्त्रालयले अस्वभाविकरुपमा बजेट छुट्याएर पो हो कि ?

विगतदेखि गन्हाएका ठूला ठूला भ्रष्ट्राचारको शंकाको घेरामा परेका पात्रहरुप्रति राज्य निर्ममरुपमा प्रस्तुत हुन नसक्दा दण्डहिनता मौलाई थप भ्रष्ट्राचार गर्न मनोवल बढ्दै गएर पो हो कि ? देशमा नै रोजगारी दिन नसकेर युवाहरु वैदेशिक रोजगारीको लागि वाध्य भएर विदेश पलायन भएर पो हो कि ?

मुलुकमा मानवीय संवेदना, नैतिकता र अनुशासन चरमरुपमा हराउंदै अस्तव्यस्तताले प्रश्रय पाउंदै गईरहेर पो हो कि ? यसर्थ, विगतका सरकारहरुको अशोभनीय एवं अस्वस्थ कार्यशैलीबाट जेनजी र आम नागरिकहरुमा चरम आक्रोश, निराशा र असन्तुष्टी ब्याप्त भई सो को परिणाम नै जेनजीहरुले आन्दोलन गर्नुपरेको यथार्थतालाई गम्भीररुपमा मनन गरी अब बन्ने नयां सरकारले दीगो लक्ष्यकासाथ प्रभावकारी कदम चाल्न कदापि चुक्नुहुन्न ।

जेनजी आन्दोलन पश्चात् आमनागरिकहरुले विश्वासकासाथ दिएको मतले प्रमुख दलकोरुपमा विजयी भई अब बन्ने नयां सरकारले गहनरुपमा समीक्षा गरी निर्वाचन पूर्व आमनागरिकहरु समक्ष गरिएको वाचा पुरा गर्न देश र जनताको हितलाई प्राथमिकता एवं केन्द्रविन्दुमा राखि सवै पक्षहरुलाई समेटी पद्धति र प्रणालीगत सुधार ल्याई अहोरात्र कार्यक्षेत्रमा खट्टिई दीगोरुपमा देश र जनताको समृद्धिको यात्रामा नि:स्वार्थरुपमा होमिनुपर्ने अपरिहार्यता रहेको छ ।

यहां सबै राजनीतिक दलहरुले आमनागरिकहरुप्रति गरिएको प्रतिवद्धतामा देश र जनताको हितलाई केन्द्रविन्दुमा राखेको पाईन्छ । तर, सवै दलहरुले नमिलेका कुराहरुलाई आपसी सुझबुझताकासाथ मिलाएर देश विकास र जनतालाई सुख समृद्धि दिलाउन एकताबद्ध भई समयानुकूल अग्रसर हुन नसकेको देखिन्छ ।

अब बन्ने नयां सरकारले सम्पूर्ण राजनीतिक दलहरुका साझा मानिएका विषयवस्तुहरु र विचारधाराहरुलाई एकाकाररुपमा गोलबद्ध गरी म र मेरो पार्टीको सरकारले यो गरेको त्यो गरेको भन्ने अहंकार, घमण्ड र दम्भ त्यागि हामी र हाम्राले गरेको भाष्य प्रमाणित हुने गरी सरकारमा नरहेका सम्पूर्ण राजनीतिक दलहरुलाई सकारात्मक प्रभावमा पारी नि: स्वार्थरुपमा कुनै छलकपट नगरी नैतिकता र ईमान्दारिता मार्फत दलगत स्वच्छ छविलाई सुदृढ गर्दै लैजानुपर्ने देखिन्छ । त्यसैले, यहां फुटेर हैन जुटेर अर्थात सबै पक्षहरु मिलेर देशको विकास र जनताको सुख, समृद्धि र आधारभूत आवश्यकताको परिपूर्तिको लागि ब्यबहारिक योजना तर्जुमा र सो को गुणात्मक परिणाम आउने गरी निर्धारित समयसीमा भित्र लक्ष्य प्राप्तिको लागि प्रभावकारी कार्यान्वयन गराउनुपर्ने अहम दायित्व रहेको छ ।

यहांनेर तीन वर्ष अघि २०७९ असार ०७ गतेबाट मात्र नेपाली राष्ट्रिय राजनीतिमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले जनताको विश्वासको मत बटुलेर निर्वाचित पहिलो दल बन्ने निश्चित जस्तै भईसकेको छ । उक्त राजनीतिक दलको अगुवाईमा हालसम्मको प्रत्यक्ष र समानुपातिक तर्फको मत परिणामलाई हेर्दा सम्भवत दुई तिहाई बहुमतको एकमना सरकार बन्ने खाका आईसकेको देखिन्छ ।

यहां अहिलेसम्म प्रत्यक्षतर्फ विजयी एवं अग्रताको आंकडा हेर्दा राष्ट्रिय स्वतन्त्र पार्टी अन्य राजनीतिक दलहरुको भन्दा अधिक बढी प्रतिनिधि सभा सदस्य सिट जिती पहिलो स्थानमा रहेको र समानुपातिक मत गणनाको मत परिणाम हेर्दा पनि अन्य दलहरुलाई धेरै पछि पारेको देखिएको छ ।

तसर्थ, अब बन्ने नयां सरकारले आम नागरिकहरुको वर्षौंदेखिको राजनीतिक वितृष्णालाई सम्वोधन गरी राजनीतिक स्थायित्व हासिल गर्नुपर्ने र विशेषगरी यहांनेर जेनजी पुस्ताहरुको चरम निराशा, असन्तुष्टी र आक्रोश चुलिंदै गई विभिन्न माग राखि उनीहरुले गरिएको आन्दोलनले हिंसात्मक एवं विध्वंसात्मक परिस्थिति सिर्जित भई स्कूले बालबालिका सहित अन्यले आन्दोलनमा बगाएको रगतको के कसरी सम्वोधन गर्ला भनेर हेर्न बांकी नै रहेको छ ।

किनकि, यसपाली गरिएको निर्वाचन नियमित निर्वाचन नभई जेनजी पुस्ताले गरेको आन्दोलनलाई न्यायोचित ढंगले सम्वोधन गर्न र उक्त आन्दोलन पश्चात उत्पन्न विषम परिस्थितिबाट मुलुकलाई निकास दिनको निमित्त निर्वाचन गरिएको हो भन्ने हेक्का राख्नु जरुरी रहेको छ । यहांनेर पुराना राजनीतिक दलहरुले गरेका गल्ती र कमिकमजोरीहरुबाट पाठ सिकेर भर्खरै केही वर्ष अघिमात्रै राष्ट्रिय राजनीतिमा उदाएको र हाल आएर सम्भावित दुई तिहाईको एकल बहुमतले बन्ने नयां सरकारले राजनीतिक स्थायित्व दिई मुलुकमा रहेको विकृति, विसंगति, अनुशासनहिनता, व्याप्त भ्रष्ट्राचार, कुप्रथा, कुरीति एवं कुसंस्कारको अन्त्यको लागि निर्मम ढंगले लाग्नुपर्ने जटिल अवस्था रहेको छ, जुन जेनजी पुस्ताहरुले उठाएको आन्दोलनको मागहरु नै थियो ।

भर्खरै सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन मार्फत आशा, ढुकढुकी र विश्वासिलो पात्रकोरुपमा राष्ट्रिय स्वतन्त्र पार्टीले भावी प्रधानमन्त्रीको रुपमा वरिष्ठ नेता श्री बालेन्द्र शाहलाई चयन गरिसकेको र वहां झापा निर्वाचन क्षेत्र नं. ५ बाट भारी मतका साथ निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका पूर्व प्रधानमन्त्री के पी शर्मा वलीलाई परास्त गरी प्रतिनिधि सभा सदस्यको रुपमा विजयी हुनु भईसकेको र वहांलाई पहिलोपल्ट नेपाल कै ईतिहासले कम उमेरको ४३ औं प्रधानमन्त्रीकोरुपमा वहांको कांधमा गहन एवं बोझिलो जिम्मेवारी केहि दिनभित्रै आउनेवाला छ ।

छोटो समयमा रा.स्व.पा. मा प्रवेश गरी वरिष्ठ नेताको प्रोटोकल पाएतापनि पार्टी संगठनसंग भिज्न र बुझ्न केहि समय अवश्य नै लाग्नेछ । तथापि, देश र जनतालाई अस्वस्थ र अहितकर हुने कुरामा वहां कदापि चुक्नुहुंदैन र कठोर कदम चाल्न पनि बिना हिच्किचाहट प्रतिवद्ध हुनुपर्नेछ । वहांककाई पार्टीका सम्पूर्ण जिम्मेवार व्यक्तित्वहरुले पार्टी र ब्यक्तिगत स्वार्थभन्दा माथि उठि अन्तरमनबाटै देश र जनताको सर्वांगीण विकास, समृद्धि र सुशासन स्थापना गर्नको लागि अमूल्य साथ र सहयोग दिनुपर्ने अपरिहार्यता रहेको छ ।

त्यसैगरी प्रतिपक्षकारुपमा रहेका अन्य राजनीतिक दलहरु, नागरिक समाज, आम नागरिकहरु र आमसन्चारकर्मीहरुले कुनै पूर्वाग्रह नराखि सरकारको हर राम्रो कामको लागि प्रशंसा, सकारात्मक एवं रचनात्मक सुझाव र समीक्षा सहित सही मूल्यांकन प्रदान गरी पारदर्शिता कायम गर्ने स्वधर्म निभाउने कार्यमा चुक्नहुन्न । यद्दपि, गलत एवं भ्रामकरुपमा कुप्रचार गरी पार्टीगत एवं व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्धेश्य राखिएमा देशमा हुनसक्ने सकारात्मक परिवर्तनको गतिलाई अवरोध सिर्जना हुनसक्ने देखिन्छ । यदि कोही कसैले सरकारबाट गलत कार्य भैराखेको छ र रचनात्मक सुझाव दिंदादिंदै पनि आफ्नो गलत रवैया देखाईरहन्छ भने त सहीलाई सही र गलतलाई गलत भन्नमा पछि पर्नु एवं पारिनुहुन्न अर्थात्, कदापि ढाकछोप गरिनुहुन्न ।

भर्खरै सम्पन्न भएको निर्वाचनबाट पुराना दलका सरकारहरुले गरेको कुशासन, दलीय भागबण्डाको शिकार बनेको सत्ता, संवैधानिक आयोगहरु एवं कूटनीतिक नियोगहरुका उच्चपदस्थ कर्मचारी प्रहरी, प्रशासन एवं न्यायालयमा रहेको नियुक्ति, व्याप्त भ्रष्ट्रचार र जनताको आधारभूत आवश्यकता सर्वसुलभ एवं सहज नबन्नाले आमनागरिकहरुमा चुलिंदो निराशा, आक्रोश र असन्तुष्टीबाट यीनीहरु राष्ट्रिय राजनीतिमा नराम्ररी उठ्नै नसक्नेगरी पछारिएका छन्, शीर्ष र लामो समयसम्म राजनीतिमा प्रभाव र दवदवा कायम गरेका नेताहरु जनताको विश्वासको मत नपाई ठूलो मतान्तरले हारेको छन् ।

जेनजी आन्दोलन पश्चात् दलहरु सच्चिएर जनतामाझ जानसकेको भए केही हदसम्म विश्वासको मत पाउनसक्थे कि, यीनिहरु सच्चिनुको बदला झन उत्तेजित भई दम्भ र अहंकार ब्यक्त गरेको कारणले नै जनताले यो फैसला दिएको हुनुपर्छ । अझैपनि पुराना दलका नेता र कार्यकर्ताहरुको हठात मनस्थितिको कारण अब वन्ने सरकारलाई संविधान संशोधन, कुनैपनि नीति नियम निर्माण एवं संशोधन, विधेयकहरु पास गर्ने कार्य, राष्ट्रिय गौरवका आयोजनाहरु सन्चालन गर्नको निमित्त पुरानो दलकै बर्चस्व रहेको राष्ट्रिय सभाले कुनै साथ सहयोग नदिने जस्ता भ्रामक अफवाहहरु फैलाउन तल्लिन भईसकेका छन् । यसरी पुराना शीर्ष दल र यीनका कार्यकर्ताहरुले आफ्नो गलत रवैया कायम राखिराखेमा थप क्षति व्यहोर्नुपर्ने हुंदा नयां बन्ने सरकारका सकारात्मक कदमहरुलाई समन्यात्मकरुपमा रचनात्मक तरिकाले सहयोग गर्नु नै उचित हुने देखिन्छ ।

**रामेछाप डायरी**



# रामेछापमा रास्वपाका डा. कृष्णहरि बुढाथोकी विजयी

रामेछाप । प्रतिनिधि सभा निर्वाचनको एकमात्र क्षेत्र रहेको रामेछापमा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका डा. कृष्णहरि बुढाथोकी विजयी हुनुभएको छ ।

आइतबार साँझ सम्पन्न मतगणनाको अन्तिम परिणामअनुसार बुढाथोकीले २४ हजार ८०८ मत प्राप्त गर्दै निकटतम प्रतिस्पर्धी नेकपा एमालेका माधवप्रसाद ढुङ्गेललाई ७ हजार १ सय ९९ मतान्तरले पराजित गर्नुभएको हो । ढुङ्गेलले १७ हजार ६०९ मत प्राप्त गर्नुभएको छ। त्यस्तै नेपाली कांग्रेसका रामचन्द्र खड्काले १६ हजार ३०७ मत प्राप्त गर्नुभएको छ । यसैगरी नेपाली कम्युनिष्ट पार्टीका श्यामकुमार श्रेष्ठले १३ हजार ३ सय ५४ मत प्राप्त गर्दा उज्यालो नेपाल पार्टीका दीपबहादुर योञ्जनले ७ हजार २१० मत पाउनुभएको छ। बुढाथोकीलाई मतगणना स्थलमा मुख्य निर्वाचन अधिकृत राजेन्द्र नेपालले निर्वाचित भएको घोषणा गर्दै प्रमाणपत्र समेत प्रदान गर्नुभएको छ ।

**को हुन बुढाथोकी**

डा। कृष्णहरि बुढाथोकी, राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका उम्मेदवार, रामेछापको मन्थली नगरपालिका १२ गेलुमा जन्मिनुभएको हो। उहाँले विभिन्न विषयमा मास्टर डिग्री हासिल गर्नुका साथै अर्थशास्त्रमा विद्यावारिधि (पीएचडी) गर्नुभएको छ। बुढाथोकीसँग बैङ्क तथा वित्तीय क्षेत्रमा २० वर्षभन्दा बढीको कार्य अनुभव छ। वित्तीय क्षेत्रका समस्या पहिचान तथा समाधानका लागि उनीसँग अनुसन्धानमूलक कार्यमा समेत काम गरेको अनुभव छ।

विगत १० वर्षदेखि उहाँले 'रामेछाप विकास बहस' कार्यक्रम सञ्चालन गर्दै आउनुभएको छ। उक्त कार्यक्रममार्फत जिल्लाको समृद्धिका लागि उद्यमशीलता विकास, उत्पादन वृद्धि, बजारीकरण तथा शिक्षालाई सीपसँग जोड्ने अभियान अघि बढाइएको छ।



रामेछापका धेरै स्थानीयले 'रामेछाप विकास बहस' लाई जिल्लाको विकासका विषयमा बहस सुरु गराउने महत्त्वपूर्ण पहलका रूपमा लिने गरेका छन्। सामाजिक तथा शैक्षिक अभियन्ताका रूपमा परिचित बुढाथोकी यसअघि रामेछाप काठमाडौं सृजनशील समाज नेपालका संस्थापक अध्यक्ष तथा संयोजक पनि रहनुभएको थियो । सो संस्थामार्फत उहाँले सामाजिक तथा मानवीय सेवामा योगदान दिनुभएको छ । विसं २०३८ साल भदौ १० गते जन्मिनुभएका बुढाथोकी २०८२ फागुन ३ गते राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का आधिकारिक सदस्य बन्नुभएको हो ।

# गगनलाई रक्षाको सुझावस् ढिलो विद्रोह गर्न 'भयो, अब बीपी र प्रदीप गिरिको कांग्रेस बनाउनुस्





काठमाडौं । जेनजी आन्दोलनकी अगुवा रक्षा बमले भर्खरै सम्पन्न आम निर्वाचनमा पराजित नेपाली कांग्रेसका सभापति गगन थापालाई जनमतको सम्मान गर्दै पार्टीलाई पुनः सुधारको बाटोमा लैजान सुझाव दिएकी छन् ।

सोमबार फेसबुकमा एक सन्देश पोस्ट गर्दै बमले थापाले पार्टीभित्र गरेको विद्रोहको प्रशंसा गरेकी छन् तर त्यो कदम निकै ढिलो भएको टिप्पणी गरेकी छन् ।

दलहरू सुध्रिनुपर्छ भन्ने जेनजी आन्दोलनको महत्त्वपूर्ण मागलाई थापाले स्वीकार गरेर आफ्नै दलभित्र विद्रोह गरेको उल्लेख गर्दै उनले भनिन्, 'तर यसपटक धेरै ढिलो भइसकेको थियो । आज जसले जे भने पनि, तपाईंले देखाएको त्यो साहसलाई मान्नैपर्छ ।'

बमले अहिले कांग्रेस ऐतिहासिक रूपमा खुम्चिनुको कारण गगन थापाको विद्रोह नभई पार्टीभित्र हुर्किएको विकृति भएको दाबी गरेकी छन् । कांग्रेसीजनलाई लक्षित गर्दै बमले लेखेकी छन्, 'आज कांग्रेस यस्तो अवस्थामा खुम्चिनुको कारण त तपाईंहरूको दलभित्र वर्षौंदेखि बढ्दै आएको दलतन्त्र, गलत निर्णयहरू र नेतृत्वले गरेका कमजोरीहरू हुन् ।'

सत्यसँग आँखा जुधाउने हो भने पार्टीभित्रको 'दाइवाद र भाउजुवाद' ले नै कांग्रेसलाई कमजोर बनाएको बमको बुझाइ छ । चुनावमा हारजित स्वाभाविक प्रक्रिया भएको बताउँदै बमले लोकतन्त्रको सुन्दरता नै जनमतको सम्मान गर्नं रहेको स्मरण गराएकी छन् । उनले थापालाई नयाँ आउने शक्तिलाई ठूलो मन राखेर स्वागत गर्न र आवश्यक परे सहयोग गर्न समेत आग्रह गरेकी छन् ।

लोकतन्त्रमा दलहरूको भूमिका महत्त्वपूर्ण हुने भन्दै उनले अबका वर्षहरूमा फेरि जनतामाझ फर्कन थापालाई सुझाव दिएकी छन् । 'भुइँका कुरा सुन्नुहोस् र नेपाली कांग्रेसलाई फेरि मलजल गरेर, सफा गरेर, जनताको विश्वास जित्ने बीपी र प्रदीप गिरीहरूको कांग्रेस बनाउनुहोस्,' उनले लेखेकी छन् ।

केही समयअघि सम्पन्न कांग्रेसको विशेष महाधिवेशनमा थापाले 'कांग्रेस लास र दासहरूको पार्टी होइन' भनी दिएको अभिव्यक्तिको स्मरण गराउँदै बमले आगामी दिनका कामहरूले त्यो वाक्यलाई साँचो अर्थमा सार्थक बनाउने अपेक्षा राखेकी छन् ।

सांसद हुनुअघि गगन थापा एउटा आन्दोलनकारी रहेको स्मरण गर्दै बमले एउटा आन्दोलनकारीको तर्फबाट अर्को आन्दोलनकारीलाई शुभकामना समेत दिएकी छन् । 'जीवनका हरेक आन्दोलनहरू महत्त्वपूर्ण हुन्छन् । तपाईंको यो आत्मसंघर्ष, तपाईंले आफैभित्र र आफ्नै दलभित्र सुरु गरेको आन्दोलनले सार्थकता पाओस्,' उनले भनिन् ।

हामीले बारम्बार भनेका थियौं अब दलहरू सुध्रिनुपर्छ, यो बाहेक अर्को विकल्प छैन । जेनजी आन्दोलनको एउटा महत्त्वपूर्ण माग भनेकै दलहरू भित्रको च्भायचकबतष्यल थियो । त्यो आवाजलाई तपाईंले सुन्नुभयो, स्वीकार गर्नंभयो र आफैं आबद्ध दलभित्रै विद्रोह गर्नंभयो, तर यसपटक धेरै ढिलो भइसकेको थियो ।आज जसले जे भने पनि, तपाईंले देखाएको त्यो साहसलाई मान्नैपर्छ। आदरणीय कांग्रेसीजनहरू, आज कांग्रेस यस्तो अवस्थामा खुम्चिनुको कारण गगनले गरेको विद्रोह होइन । यसको कारण त तपाईंहरूको दलभित्र वर्षौंदेखि बढ्दै आएको दलतन्त्र, गलत निर्णयहरू र नेतृत्वले गरेका कमजोरीहरू हुन् । यदि सत्यसँग आँखा जुधाउने नै हो भने, तपाईंहरूले स्वीकार गर्नैपर्छ तपाईंहरूको दलभित्रको "दाइवाद र भाउजुवादले" पार्टीलाई कमजोर बनाएकै हो ।

सभापति ज्यू, चुनाव हो हार र जित स्वाभाविक कुरा हो । तर लोकतन्त्रको सुन्दरता नै यही हो कि जनताको जनमतलाई सम्मान गर्न सकियोस् । हामी आशा गर्छौं, तपाईंले जनताको निर्णयलाई सम्मान गर्नंहुनेछ, नयाँ आउनेहरूलाई ठूलो मन राखेर स्वागत गर्नंहुनेछ र आवश्यक परे सहयोग पनि गर्नंहुनेछ । लोकतन्त्रमा दलहरू भुमिका महत्वपुर्ण हुन्छ त्यसैले अबका वर्षहरूमा तपाईं फेरि जनतामाझ फर्कनुहोस् । भुइँका कुरा सुन्नुहोस् र नेपाली कांग्रेसलाई फेरि मलजल गरेर, सफा गरेर, जनताको विश्वास जित्ने बी ।पी र प्रदीप गिरीहरूको कांग्रेस बनाउनुहोस् । तपाईंले विशेष महाधिवेशनमा भन्नुभएको थियो कि "कांग्रेस लास र दासहरूको पार्टी होइन ।" हामी पनि यही अपेक्षा गर्छौं तपाईंका कामहरूले त्यस वाक्यलाई साँचो अर्थमा सार्थक बनाउनेछन् ।

तपाईं सांसदभन्दा पहिले एउटा आन्दोलनकारी हुनुहुन्थ्यो ।त्यसैले, एउटा आन्दोलनकारीको तर्फबाट अर्को आन्दोलनकारीलाई यति मात्र भन्न चाहन्छु कि जीवनका हरेक आन्दोलनहरू महत्त्वपूर्ण हुन्छन् । तपाईंको यो आत्मसंघर्ष, तपाईंले आफै भित्र र आफ्नै दलभित्र सुरु गरेको आन्दोलनले सार्थकता पाओस् ।

# निर्वाचनको परिणाम नेतृत्वबाट हट्न र पार्टी रूपान्तरणको बाटो खोल्न शीर्ष नेतालाई कार्यकर्ताबाटै दबाब







काठमाडौं । प्रतिनिधि सभा निर्वाचनमा पार्टीले लज्जास्पद हार व्यहोरेपछि नेपाली कांग्रेस र नेकपा एमालेसहितका दलहरूमा नेतृत्वको राजीनामाको माग बढ्न थालेको छ।

निर्वाचनमा नेपाली कांग्रेस १७ सिटमा खुम्चिँदा सभापति गगन थापासहित सबै पदाधिकारीले चुनाव हारेका छन् भने नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसहित सबै पदाधिकारी पराजित भएका छन् । पार्टीले भोग्नुपरेको पराजयको जिम्मा नेतृत्वले लिनुपर्ने भन्दै नेपाली कांग्रेस र नेकपा एमालेसहित दलका नेतृत्वको राजीनामाको माग बढ्न थालेको छ ।

उनीहरूको राजीनामाले पार्टीका शीर्ष नेतालाई पनि दबाब परेको छ । गत भदौ २३ र २४ गतेको घटनापछि बदलिएको दाबी गर्ने र उक्त घटनालाई कम आंकलन गरेका दलहरुलाई यस पटकको निर्वाचनमा मतदाताले अस्वीकार गरेपछि पुराना भनिएका दल र नेतृत्व रूपान्तरणको बहस सुरू भएको हो ।

पार्टीले हारेपछि नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पौडेलले राजीनामा दिनुभएको छ । जनताको अपेक्षा एकातिर र नेताको स्वार्थ अर्कोतिर हुँदा पार्टीले ठूलो पराजय भोग्नुपरेको भन्दै उहाँले रूपान्तरणको सुरूवात गर्न राजीनामा दिएको बताउनुभयो ।

नेपाली कांग्रेसभित्र पनि सभापति गगन थापासहित नेतृत्वले पद छाड्नुपर्ने स्वर बढ्दै गएका छन् । जसपा र जनमत लगायत अरु पार्टीका नेता कार्यकर्ताले पनि नेतृत्वले नैतिक जिम्मेवारी लिएर पद छाड्नुपर्ने माग गरेका छन् । जनमत पार्टीका मिर्चैया नगर सभापति अजय साहले मधेश आन्दोलनपछि राजनीतिक मुद्दा स्थापित गरेका दलहरू निर्वाचनबाट शून्यमा झर्नं नेतृत्वकै कार्यशैली कारक भएको बताउनुभयो ।

चुनावमा पराजयको जिम्मेवारी नेतृत्वले लिनुपर्ने र पार्टी रूपान्तरण गर्नंपर्ने उहाँको माग छ । कांग्रेस, एमाले र नेकपामात्र नभइ मधेश केन्द्रित दलहरुलाई पनि यस पटक जनताले अस्वीकृत गरेका छन् । यसपालीको निर्वाचन यो परिणामले स्थानीयदेखि प्रदेश र केन्द्रीय नेतृत्वलाई पनि पद छाड्न दबाब बढ्दै गएको छ ।

# प्रत्यक्षतर्फ रास्वपाको दबदबा १ सय २५ सिट जित्दै संसद्मा ऐतिहासिक बहुमत

काठमाडौं । प्रतिनिधि सभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी प्रत्यक्षतर्फ १ सय २५ सिटमा विजयी भएको छ ।

रास्वपाले प्रत्यक्षतर्फका १ सय ६५ सिटमध्ये ७५ प्रतिशतभन्दा बढी सिटमा विजयी भएको हो । प्रत्यक्षतर्फ नेपाली कांग्रेस दोस्रो ठूलो पार्टी बनेको छ । कांग्रेस १८ सिटमा विजयी हुँदा एमाले तेस्रो स्थानमा सीमित भएको छ ।

विभिन्न वामपन्थी दलहरू मिलेर बनेको नेपाली कम्युनिष्ट पार्टीले भने ७ स्थानमा मात्र जित हात पारेको छ । यता जेन(जी आन्दोलनपछि गठन भएको श्रम संस्कृति पार्टीले भने ३ स्थानमा जित हात पारेको छ । यो दलले छोटो समयमै संसदीय राजनीतिमा आफूलाई उभ्याउन सफल भएको छ । यस्तै राजतन्त्रको समर्थन गर्ने दल राप्रपाले भने जम्मा १ सिट जितेको छ । देशभर स्वतन्त्र पार्टीको लहर आउँदा एक जना उम्मेदवार भने स्वतन्त्रबाटै विजयी भएका छन् । गए राति विभिन्न स्थानका नतिजा सार्वजनिक भए । गोरखा २ मा रास्वपाका कविन्द्र बुर्लाकोटी २६ हजार ६ सय ६० मत ल्याएर निर्वाचित हुनुभयो ।

उहाँले नेपाली कांग्रेसका प्रकाशचन्द्र दवाडीलाई १४ हजार ९ सय ६० मतान्तरले पराजित गर्नंभयो । यस्तै रास्वपाकै विक्रम तिमिल्सिनाले नुवाकोट १ मा विजय हासिल गर्नंभयो । उहाँले नेपाली कांग्रेसका प्रकाशशरण महतलाई ४ हजार १२ मतान्तरले पराजित गर्नंभयो । यस्तै सुनसरी ४ मा रास्वपाका दीपककुमार साह ४२ हजार ७ सय ७१ मत ल्याएर निर्वाचित हुनुभयो । उहाँले कांग्रेसका ज्ञानेन्द्रबहादुर कार्कीलाई २६ हजार १ सय ८४ मतान्तरले पराजित गर्नंभयो । यस्तै राति नै अछाम २ मा नेकपा एमालेका यज्ञबहादुर बोगटी निर्वाचित हुनुभयो । बोगटीले ९ हजार ५ सय १८ मत प्राप्त गर्नंभयो । उहाँले कांग्रेसका पुष्प शाहलाई ४ सय ७२ मतान्तरले पराजित गर्नंभयो ।

# समानुपातिकतर्फको मतगणना अन्तिम चरणमा

काठमाडौं । प्रत्यक्षतर्फ बहुमततर्फ अगाडि बढेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा समानुपातिकमा समेत निकै अगाडि छ ।

अहिलेसम्म एक करोड ५ लाख ८ हजार ४ सय ६० मत गणना हुँदा रास्वपाले सबैभन्दा बढी ५० लाख ३७ हजार ८ सय ७९ मत ल्याएको छ । यो अहिलेसम्म गणना भएको मतको ४८ प्रतिशत हो । त्यस्तै नेपाली कांग्रेसले १७ लाख ६ हजार ९ सय ९७, नेकपा एमालेले १४ लाख २३ हजार ९ सय ५८ र नेकपाले ७ लाख ७५ हजार ८ सय ९२ मत पाएको छ ।

श्रम संस्कृति पार्टीले ३ लाख ६५ हजार २१ , राप्रपाले ३ लाख २६ हजार ४ सय ४१ मत पाउँदा जनता समाजवादी पार्टीले १ लाख ७२ हजार ९ सय ८१ मत पाएको छ । पहिलोपटक संसदीय निर्वाचन लडिरहेको श्रम संस्कृति पार्टी राष्ट्रिय दल बन्ने भएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३२,
२०८२ साल फागुन २६ गते मंगलबार
10 MARCH 2026, TUESDAY

# रास्वपाले अनुमति दिए राष्ट्र बैंकमा डेपुटी गभर्नर नियुक्ति यसै साता




काठमाडौं । २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा करिब दुई तिहाइ जनादेश पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सहमति दिए सरकारले नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नर नियुक्ति यसै साता गर्ने तयारी गरेको छ ।

राष्ट्र बैंकका दुई डेपुटी गभर्नरको कार्यकाल सोमबारदेखि सकिएको छ । त्यसो हुँदा अन्तरिम सरकारले नै डेपुटी गभर्नर नियुक्त गर्छ कि नयाँ सरकार गठन भएपछि मात्रै त्यो काम हुन्छ भनेर निकै चासोसाथ हेरिएको छ ।

सोमबार डेपुटी गभर्नर डा. निलम ढुंगाना तिम्सिना र बमबहादुर मिश्रको ५ वर्षे कार्यकाल सकिएकाले केन्द्रीय बैंकको जिम्मेवारीबाट मुक्त भएका छन् ।

वित्तीय क्षेत्रको नियामक निकायलाई लामो समय उच्च अधिकारीविहीन राख्न नहुने भए पनि रास्वपाको सहमतिमा मात्रै नियुक्ति गर्ने-नगर्ने तय गरिने प्रधानमन्त्री कार्यालय स्रोतले बतायो ।

बलियो जनादेश पाएको रास्वपाले सहमति दिए निष्पक्ष ढंगले डेपुटी गभर्नर नियुक्ति गरिने पनि स्रोतले बतायो ।

'यो गैरराजनीतिक स्वतन्त्र सरकार हो, हामीले गर्ने हरेक काममा स्वतन्त्र सरकार भएको आभास दिएका छौं, त्यसो हुँदा डेपुटी गभर्नरको पद खाली भएको अवस्थामा क्षमतावान, विवादरहित ढंगले नियुक्त गर्न सकिन्छ,' प्रधानमन्त्री कार्यालय स्रोतले भन्यो, 'यद्यपि, चुनाव जितेको राजनीतिक दलको सहमतिविना भने सरकार अघि बढ्दैन ।'

उच्च सरकारी अधिकारीहरूले यस विषयमा रास्वपा नेतृत्वसँग यस विषयमा परामर्श गरे पनि नियुक्ति गर्ने-नगर्ने भन्ने विषय नटुंगिएको पनि स्रोतको भनाइ छ ।

नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १६ अनुसार नेपाल सरकार मन्त्रिपरिषद्ले गभर्नरको सिफारिसमा डेपुटी गभर्नर नियुक्ति गर्ने व्यवस्था छ । गभर्नरले डेपुटी गभर्नर पदमा नियुक्तिका लागि सिफारिस गर्दा राष्ट्र बैंकको विशिष्ट श्रेणीका अधिकृतमध्येबाट कार्यक्षमताका आधारमा रिक्त पदको दोब्बर संख्यामा नामावली सिफारिस गर्नुपर्ने व्यवस्था राष्ट्र बैंक ऐनमा छ ।

त्यसो हुँदा राष्ट्र बैंकका कार्यकारी निर्देशकमध्ये जोसुकै पनि गभर्नर पदमा नियुक्तिका लागि योग्य हुन्छन् । तर, डेपुटी गभर्नर भएको व्यक्ति बैंकको नियमित सेवाबाट स्वतः निवृत्त भएको मानिने व्यवस्था ऐनमा उल्लेख छ । राष्ट्र बैंकमा हाल १८ जना कार्यकारी निर्देशक छन् ।

गभर्नरले गरेको सिफारिस अर्थ मन्त्रालय हुँदै मन्त्रिपरिषद् गएर निर्णय हुने गर्छ । तर, ऐनमा पद खाली भएको कति समयमा डेपुटी गभर्नर नियुक्त गरिसक्नुपर्ने भन्ने व्यवस्था नभएको हुनाले नयाँ सरकार नबनुन्जेल नियुक्तिका लागि पर्खन सकिने अवस्था पनि छ ।

राष्ट्र बैंक ऐनले डेपुटी गभर्नर नियुक्तिमा वरिष्ठता भन्दा कार्यक्षमतालाई बढी ध्यान दिएको देखिन्छ ।।

तर, उनले केही समयअघि एक सार्वजनिक कार्यक्रममा डेपुटी गभर्नर बनाइदिनुपर्‍यो भनेर सोर्सफोर्स लगाउने, फोन गराउने, नातापाता जोड्नेलाई नियुक्तिको कालोसूचीमा राख्ने बताएका थिए ।

त्यस्तै विवादमा परेका, बैंकका सीईओसँग साँझ बसेर रामरमाइलो गर्नेलाई पनि डेपुटी गभर्नरमा सिफारिस नगर्न आफूले भनेको भनेर अर्थमन्त्री खनालले बताएका थिए ।

डेपुटी गभर्नर बन्न यस्तो-यस्तो मापदण्ड भएको व्यक्ति हुनुपर्छ भन्ने कानुनमा उल्लेख नभएकाले गभर्नरको मूल्यांकन नै त्यस मामलामा अन्तिम हुने एक पूर्वगभर्नरले बताए ।

तर, केन्द्रीय बैंकका कार्यकारी निर्देशकको कार्यक्षमता हेर्ने हो भने कर्मचारी सेवा विनियमावली अनुसार कार्यसम्पादन मूल्यांकन गर्ने बेलामा आफूभन्दा माथिको सुपरभाइजरले दिने गरेको मूल्यांकनको अंकलाई आधार बनाउन सकिने उनको भनाइ छ ।

त्यसमा कार्यसम्पादन क्षमता, नेतृत्व क्षमता लगायत विषयमा सुपरभाइजरले मूल्यांकन दिने भएकाले त्यसलाई आधार बनाउन ती डेपुटी गभर्नरले सुझाए ।

'क्षमता मुल्यांकनको विधि नतोकिएपछि गभर्नरको मूल्यांकनमा नै निर्भर हुने भयो,' ती पूर्वगभर्नरले भने, 'तर, डेपुटी गभर्नर राजनीतिक नियुक्ति हो, उसलाई राष्ट्र बैंकका कर्मचारी विनियमावलीका व्यवस्थाहरू पनि लागु हुँदैनन्, डेपुटी गभर्नर नै भनेर तोकिएको हकमा बाहेक ।'

राष्ट्र बैंक सेवामा प्रवेश गर्ने व्यक्ति उच्च प्रतिस्पर्धापछि मात्रै छनोट हुने गरेको उनले बताए । साथै, शैक्षिक रूपमा पनि अब्बल व्यक्ति मात्रै केन्द्रीय बैंकको प्रतिस्पर्धा गर्न सक्ने व्यवस्था छ ।

अनुभवको कुरा गर्दा सामान्यतया राष्ट्र बैंकमा कम्तीमा १७ देखि १८ वर्ष काम गरेको व्यक्ति कार्यकारी निर्देशक नै नहुने उनको भनाइ छ । त्यसैले १८ वटै कार्यकारी निर्देशक क्षमता सहितका दाबेदार रहेको उनले बताए ।

तर, गभर्नरले जिम्मेवारीमा जवाफदेहिता, स्वच्छ आचरण, निजी क्षेत्रप्रतिको बुझाइ, नयाँ इनोभेसन तथा डिजिटल क्षेत्रमा ज्ञान तथा रुचि भएका व्यक्तिलाई सिफारिस गर्नुपर्ने र सरकारले पनि सोही अनुसार नियुक्त गर्नुपर्ने उनको सुझाव छ ।

# दक्षिण कोरियाबाट सोझै आउने रेमिटेन्समा 'ग्रे लिस्ट'को असर




काठमाडौं । नेपाल अन्तरािष्ट्रिय रुपमै सम्पत्ति शुद्धीकरणको 'ग्रे-लिस्ट'मा परेपछि त्यसको असर दक्षिण कोरियाबाट आउने रेमिटेन्समा देखिन थालेको छ ।

त्यहाँको केन्द्रीय बैंकले आन्तरिक प्रयोजनका लागि आफ्ना सदस्य बैंकहरूमा कडाइ गरेसँगै १० दिनयता दक्षिण कोरियाबाट नेपालमा सोझै रेमिटेन्स पठाउने क्रम रोकिएको छ । कोरियामा कामका सिलसिलामा रहेका नेपालीहरूले घुमाउरो माध्यमबाट पैसा उठाउनु पर्दा उनीहरूको लागत बढेको छ ।

नेपाल राष्ट्र बैंकका उच्च अधिकारीहरूले भने 'ग्रे लिस्ट'का कारण नभइ अरु नै कारणले दक्षिण कोरियाबाट आउने रेमिटेन्स प्रभावित भएको सूचना पाएको बताएका छन् । 'होली, निर्वाचन लगायत लामो बिदाका कारण विस्तृतमा बुझ्न पाएको छैनौं,' एक उच्च अधिकारीले बिजमाण्डूसँग भने, 'दक्षिण कोरियाबाट नेपालमा सोझै आउने क्रम रोकिएको भन्ने सूचना आएको हो । कार्यालय खुलेपछि विस्तारमा बताउन सकिएला ।'

अहिले दक्षिण कोरियाबाट सोझै नेपाल आउने रेमिटेन्स विदेशका मध्यस्तकर्ता कम्पनीमार्फत घुमेर आउने गरेको छ । नेपाल फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) को ग्रे लिस्टमा भएकाले अन्तर्राष्ट्रिय अनुपालनहरू कडा बन्दै गएको छ । त्यसको असर दक्षिण कोरियाको रेमिटेन्समा परेको हो ।

नेपालमा हाना बैंक र मेट्रो सिटी बैंक कोरियाले रेमिटेन्स पठाउने काम गर्दै आएका छन् । ती बैंकहरूले नेपाली बैंकलाई सोझै पैसा पठाउँदा लागत न्यून हुन्थ्यो । अब यी बैंकले अर्को कुनै एग्रिगेटर (मध्यस्थकर्ता) संस्थालाई पैसा पठाउँछ । त्यो संस्थाले बल्ल नेपालमा पैसा भुक्तानी गरिदिन्छ । उसले मध्यस्तकर्ता भएवापत एकदेखि दुई प्रतिशत कमिसन लिन्छ । यसले गर्दा रेमिटेन्सको लागत बढेर नेपाली श्रमिकदेखि राज्यसम्मलाई भार पर्न थालेको छ । १० दिनयता सबै रेमिटेन्स कम्पनीहरूले नेपालमा पैसा पठाउन मनिग्राम, वेस्टर्न युनियन जस्ता मध्यस्थ संस्थामार्फत मात्र काम गर्नँपर्ने बाध्यता आएको छ ।

सोझै रेमिटेन्स पठाउने क्रम रोकिएपछि हुन्डी कारोबार बढ्छ । दुई पैसा सस्तो पर्ने लोभमा गैरकानुनी रुपमा पैसा भित्रिने छ ।

दक्षिण कोरियामा कामका सिलसिलामा करिब ७० हजार नेपाली रहेको अनुमान छ । इपीएस प्रणालीमार्फत गएका समेत गरेर ७० हजार नेपाली रहेको विभिन्न तथ्यांकहरूमा देखिन्छ । गत वर्ष मात्र १३ हजार ७ सय नेपाली दक्षिण कोरिया गएको तथ्यांक छ ।

दक्षिण कोरियामा नेपाली कामदारहरुले कोरियाली कामदार बराबर नै तलब पाउँछन्, जसले गर्दा उनीहरूको आम्दानी खाडी मुलुक वा मलेसियाको तुलनामा उल्लेखनीय रूपमा बढी छ । एक अध्ययनले कोरियामा मासिक १५०० देखि २२०० अमेरिकी डलरसम्म तलब हुन्छ । यो भनेको न्यूनतम २ लाख १७ हजार रुपैयाँ हो ।

२०२३ को एक तथ्यांकअनुसार वार्षिक ६० अर्ब रुपैयाँ नेपालमा रेमिटेन्स भित्रिने गरेको छ । अब मध्यस्थकर्तामार्फत रेमिटेन्स आउँदा उसले १ प्रतिशत मात्रै कमिसन लियो भने पनि ६० करोड रुपैयाँ नेपालीलाई घाटा हुन्छ । नेपाल गत वर्षदेखि 'ग्रे लिस्ट'मा परेको छ । 'ग्रे लिस्ट'बाट हट्न गरिने सुधारका लागि एफएटीएफले नेपाललाई २ वर्ष समय दिएको छ । सरकारले वर्ष दिनभित्रै हट्ने भनेर प्रतिबद्धता जनाएपनि त्यसअनुसार अपेक्षित काम भने गर्न सकेको छैन ।

# उद्योगी शेखर गोल्छाले सीतापाइला र वायु सेवा सञ्चालक पाण्डेले गरे बालुवाटारबाट मतदान






काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष शेखर गोल्छा र नेपाल वायु सेवा सञ्चालक संघका अध्यक्ष प्रतापजंग पाण्डेले मतदान गरेका छन् ।

गोल्छाले नागार्जुन नगरपालिकामा रहेको सीतापाइला मावि मतदान केन्द्र पुगेर मतदान गरेका हुन् । उनले मुलुकको शान्ति, समृद्धि र राजनीतिक स्थायित्वका लागि मतदानमा सहभागिता जनाएको बताए ।

जेनजी आन्दोलनका बेला क्षति बेहोरेको निजी क्षेत्रमा गोल्छा पनि परेका छन् । तर, उनले फेरि अघि बढ्नुपर्छ भन्दै योजनाहरु अघि सारे । भदौ २४ को जेनजी विद्रोहका बेला सार्वजनिक-निजी सम्पत्तिमा ठूलो क्षति पुगेको थियो । तर, निजी क्षेत्रले मुलुक यथास्थितिबाट अघि बढ्नुपर्ने भनाइ राख्दै योजनाहरु अघि बढाएका हुन् ।

निजी क्षेत्र निर्वाचनप्रति सकारात्मक हुँदा सरकारलाई सहज भएको छ । बिहीबार गोल्छासँगै अन्य उद्योगी व्यवसायीहरु पनि आआफ्नो मतदान केन्द्रमा पुगेर मतदानमा सहभागी भइरहेका छन् ।

नेपाल वायु सेवा सञ्चालक संघका अध्यक्ष एवम् कैलाश हेलिकप्टर कम्पनी सञ्चालक पाण्डेले काठमाडौं-४ महेन्द्र राष्ट्रिय मावि केन्द्रबाट मतदान गरेका हुन् । उनले मुलुकको समृद्धिका लागि आफ्नो मताधिकार सदुपयोग गरेको बताएका छन् ।

# राष्ट्र बैंकको डेपुटी गभर्नरबाट निलम र बमबहादुर अवकाश




काठमाडौं । नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नरबाट डा. निलम ढुंगाना तिमिल्सिना र बमबहादुर मिश्र अवकाश भएका छन् ।

पाँच वर्षे कार्यकाल पुरा गरी दुवै जना आइतबारबाट अवकाश भएका हुन् । कोभिडकालमा नियुक्त भएका दुवैको पालामा कि त एकदमै कडा नीतिहरु आए भने कि एकदमै नरम ।

राष्ट्र बैंकमा कार्यकारी निर्देशकहरुबाट डेपुटी गभर्नर नियुक्त हुन्छन् । सरकारले रिक्त रहेको पदमा नियुक्तिका लागि परामर्श सुरु गरिसकेको छ ।

गभर्नर डा. विश्वनाथ पौडेलले १८ जनै कार्यकारी निर्देशकहरुसँग 'सीभी' मागिसकेका छन् । त्यसबाट ६ जनालाई सर्टलिस्टसमेत गरिसकेको स्रोतको दाबी छ । यसबाट अझै दुई जना छाँटिने छन् ।

राष्ट्र बैंक ऐन अनुसार दुई जना डेपुटी गभर्नरका लागि चार जनाको नाम सिफारिस गर्नँपर्छ । त्यसबाट सरकारले दुई जनालाई नियुक्त गर्छ ।

अवकाश भएका तिमिल्सिना र मिश्रको कार्यकाल औसत रहेको उनीहरुसँग काम गरेका बहालवाला र पूर्वकर्मचारीहरु बताउँछन् ।

# एफएनसीसीआईलाई प्रदेश अधिवेशन गर्ने बाटो खुला

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई)लाई प्रदेश अधिवेशन गरी नयाँ नेतृत्व चयनको बाटो खुलेको छ ।

निर्वाचन आचारसंहिता सोमबार रातिबाट निष्क्रिय हुने भएसँगै महासंघलाई आफ्ना प्रदेश कार्यसमितिहरुमा नयाँ नेतृत्व चयनको बाटो खुलेको हो ।

आयोगले आचारसंहिता सोमबार रातिबाट लागू नहुने बताएको छ ।

फागुन २१ गतेको चुनावका लागि आयोगले माघ ४ गते आचारसंहिता लागू गरेपछि महासंघका सातवटै प्रदेशको अधिवेशन रोकिएको थियो ।

प्रदेशको अधिवेशनपछि चैत अन्तिम साता महासंघको ६०औं साधारण सभा हुनेछ । साधारण सभाले नयाँ नेतृत्व चयन गर्नेछ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



खेलकुद

# हिमालयन क्वीन्स ग्याम्बिट आइतबार हुने




काठमाडौं । हिमालयन क्वीन्स ग्याम्बिटको दोस्रो संस्करण आइतबार काठमाडौं ११ स्थित थापाथली चेस पार्कमा हुने भएको छ । विश्व चेस महासंघको 'फिडे वुमेन्स चेस म्याराथन' अन्तर्गतको अफिसियल प्रतियोगिताको रुपमा हुने हिमालयन क्वीन्स ग्याम्बिटमा एक सय बढी खेलाडीले प्रतिस्पर्धा गर्ने बताइएको छ ।

आयोजक हिमालयन चेस एकेडेमीकी संस्थापक मोनालिशा खम्बू भन्छिन्, 'फिडे कमिसन फर वुमेन्स चेससँगको पार्टनरसिपमा मार्च महिनामा विश्वभरि प्रतियोगिता भइरहेको छ । त्यसै अन्तर्गत नेपालको एकमात्र प्रतियोगिता हामी आयोजना गर्दैछौं । चेसमा नयाँलाई अवसर दिन अनरेटेड खेलाडीको उत्सवको रुपमा सञ्चालन हुने एक दिने प्रतियोगितामा करिब एक सय खेलाडी सहभागी हुनेछन् ।' बिहीबारसम्म ५० खेलाडी दर्ता भइसकेको पनि उनले बताइन् ।

नेपालमा महिला खेलाडीले मात्रै सहभागी हुन पाउने तेस्रो प्रतियोगिता आयोजनाको लागि एकेडेमीले प्रप्स नेपालसँग सहकार्य गरेको छ । सहकार्य सम्झौतामा एकेडेमीकी संस्थापक खम्बू र प्रप्स नेपालकी प्रमुख दीपा श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

श्रेष्ठले भनिन्, 'नेपालमा महिला चेसलाई उत्सवको रुपमा मनाउने प्रयासमा मूर्तरुप दिन हिमालयन चेस एकेडेमीसँग सहकार्य गरेका छौं । हामी क्वीन्स ग्याम्बिटलाई भव्य बनाउनेछौं ।'

गत वर्ष आयोजित पहिलो संस्करणमा पाँच वर्षदेखि ६७ वर्षसम्मका एक सय ४२ अनरेटेड खेलाडीले प्रतिस्पर्धा गरेका थिए, जुन संख्या नेपाली महिला चेसकै कीर्तिमान हो । यसपाली शीर्ष आठसँगै यू(७, यू १०, यू १३ यू १६ र ५० वर्षमाथि उमेर समूहका विजेतालाई पनि पुरस्कार दिइने छ । उत्कृष्ट तीन स्कुल र पाँच खेलाडीलाई स्पेसर अवार्ड्स पनि प्रदान गरिनेछ ।

शनिबार ९१४ मार्च० मा दोस्रो वार्षिकोत्सव मनाउने तयारीमा रहेको देशकै पहिलो चेस एकेडेमीले ब्लिट्ज, र्‍यापिड, क्लासिकल चेस र पजल सोल्भिङ कन्टेस्ट गरी १३ प्रतियोगिता सफलतापूर्वक आयोजना गरिसकेको छ ।

एकेडेमीले काठमाडौं ११ थापाथलीस्थित आफ्नै हलमा फिडे मास्टर रिजेन्द्र राजभाण्डारी, इन्टरनेसनल मास्टर अतनु लहिरी कमनवेल्थ चेस च्याम्पियन, याइशाष यासिर खम्बूसहितले चार वर्षदेखिका बालबालिकासहितलाई नियमित प्रशिक्षण दिदै आएको छ । उसले इभेन्ट म्यानेजमेन्टसँगै अनलाइन क्लास पनि सञ्चालन गरिरहेको छ ।

# आधा दर्जन बाादरलाई तड्पाउँदै क्रुरतापूर्वक हत्या

काठमाडौं- ताप्लेजुङमा बाँदरलाई क्रूर तरिकाले मारिएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि पशु अधिकारकर्मीले कानुनी कारबाही सुरु गरेको बताएका छन् ।

'कारबाही होस्, मान्छे कतिसम्म निर्दयी हुन्छ' भन्दै महेश आचार्यको फेसबुक एकाउन्टबाट एउटा भिडियो पोस्ट हुन्छ । भिडियो सहजै हेर्न सकिँदैन । त्यहाँ चित्राले बारेको सानो कटेरामा केही बाँदर छन्, जसलाई कुकुरले झम्टिएर लुछाचुडी गरिरहेका देखिन्छन् ।

केही बाँदर मरिसकेका छन् । एक कुनामा माउ बाँदर छन्, डराएर भित्तातर्फ फर्किएका छन् । उनले छातीमा आफ्नो सानो बच्चा च्यापेका छन् । निरीह त्यो बाँदर एकदमै डराएको देखिन्छ ।

बाँदरलाई यसरी तड्पाईतड्पाई मारेको भिडियो धेरैले पुरा हेर्न नसकेको बताएका छन् । 'कति मायालाग्दो, कति गाह्रो भयो होला त्यसलाई' एक प्रयोगकर्ताले लेखेका छन्, 'हेरेर मेरो त मुटु नै फुट्ला जस्तो भयो ।' धेरैले बाँदरलाई त्यतिबिध्न तड्पाएर मारेकोप्रति दुख्ख व्यक्त गरेका छन् ।

उक्त भिडियो संगम ह्याम्बा नामक फेसबुक पेजबाट बाहिर आएको महेश आचार्यले बताए । 'त्यही मार्ने मान्छेले भिडियो खिचेर फेसबुकमा राखेका रहेछन्' उनी भन्छन्, 'हामीले सोधीखोजी गरेपछि उनले फेसबुकबाट हटाएका छन् ।' सोही व्यक्तिले नै बाँदरलाई मारेर भिडियो राखेको उनको भनाइ छ ।



पशु अधिकारकर्मी इरफान खानले बाँदरको सामूहिक हत्या अत्यन्तै अमानवीय र आपराधिक भएकाले कानुनी कारबाहीका लागि प्रक्रिया सुरु गरेको बताए । 'त्यो सद्दे मान्छेले गर्नै नसक्ने अपराध हो' उनी भन्छन्, 'यस्तो डरलाग्दो अपराध गर्ने, भिडियो बनाउने, सामाजिक सञ्जालमा हाल्ने भनेको सरासर सभ्य समाजमाथि चुनौती दिनु हो ।' कमजोर कानुनको फाइदा उठाएर अबोध पशुप्राणीमाथि जघन्य अत्यचार भइरहेको उनको बुझाइ छ ।

घटना ताप्लेजुङमा भएको अनुमान भए पनि अहिलेसम्म पुष्टि हुन सकेको छैन । ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी शिवराज सेढाईले बाँदर मारेको विषयमा कुनै जानकारी नभएको बताए । 'अब थाहा भयो, तत्काल यसबारे अनुसन्धान गर्नेछौं' उनले भने, 'बाँदर वन्यजन्तुभित्र पर्ने भएकाले वन डिभिजनसँग समन्वय गरेर अगाडि बढ्नेछौं ।'

वन डिभिजन कार्यलय ताप्लेजुङका निमित्त कार्यलय प्रमुख ललितकुमार यादवसँग यसबारे सोधखोज गरेर थप कारबाहीको प्रक्रिया सुरु गर्ने बताए । नेपालमा जंगली रातो बाँदरले खेतीबालीमा क्षति पुऱ्याउने समस्या बढ्दै गएपछि सरकारले एक वर्षका लागि 'कृषि हानिकारक वन्यजन्तु' घोषणा गरेको छ ।

यसले खेतबारीमा आएका बाँदरलाई धपाउन, लखेट्न वा पक्रन कानुनी रूपमा सहज बनाए पनि, मार्नका लागि भने सम्बन्धित डिभिजन वन कार्यालय वा निकुञ्जबाट विधि र प्रक्रिया पूरा गरेर लिखित अनुमति लिनुपर्ने उनले बताए । यदि भिडियोमा देखिएको जस्तो क्रूर वा अवैध तरिकाले हतियार प्रयोग गरेर वा सामूहिक हत्या गरेर लगभग आधा दर्जन बाँदर मारिएको प्रमाणित भएमा यो वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार अपराध हो, जसमा जरिवाना वा कैद सजाय हुन सक्छ ।

**के हुन्छ सजाय ?**

वरिष्ठ अधिवक्ता पदम बहादुर श्रेष्ठका अनुसार, नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र यसका संशोधनहरूले संरक्षित वन्यजन्तु जस्तै 'आसामी रातो बाँदर' मार्नेलाई ५ देखि १५ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजायको व्यवस्था गरेको छ । आसामी रातो बाँदर संरक्षित सूचीमा पर्छ, तर सामान्य जंगली रातो बाँदर अन्य प्रजाति संरक्षित नभए पनि 'अन्य वन्यजन्तु' को रूपमा दफा २६ को उपदफा ५९घ० अनुसार अपराध गरेमा संरक्षितको सजायको आधा सजाय हुन्छ ।

सरकारले अघिल्लो महिना मात्रै जंगली रातो बाँदरलाई एक वर्षका लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको छ, जसले गर्दा किसानले आफ्नो खेतबारीमा बाली नष्ट गर्ने बाँदरलाई धपाउन, लखेट्न वा पक्रन पाउँछन्, तर मार्न मिल्दैन । घोषणा भए पनि मारिसकेपछि वन विभागलाई तुरुन्त सूचना दिनुपर्छ, मृत शरीरलाई कुकुरलाई खुवाउन, खान वा व्यक्तिगत प्रयोग गर्न पाइँदैन ।

वन विभागले नै व्यवस्थापन गर्छ । यो घरपालुवा पशु जस्तैस् कुकुर सम्बन्धी कानुनभन्दा फरक हो, किनकि वन्यजन्तुको परिभाषाले घरपालुवाबाहेकका स्तनधारी जनावरलाई समेट्छ ।

त्यसैले, बाली जोगाउन मार्ने अनुमति भए पनि आफूखुसी मारेर शव प्रयोग गर्नं वा सूचना नदिनु अपराध नै रहन्छ, जसमा सरकारी मुद्दा चल्न सक्छ । यो विषय नयाँ र कानुनी व्याख्या आवश्यक भएकोले वन विभाग तथा सरकारी वकिलहरूमा समेत केही अन्योल छ, तर कानुनले वन्यजन्तुको अनधिकृत मार, नियन्त्रण वा व्यापारलाई प्रतिबन्ध गरेको छ ।

# पोखरामा व्यवस्थित बसपार्कको एजेन्डा पाँच दशक पुरानो

पोखरा । पोखरामा व्यवस्थित बसपार्कको एजेन्डा पुरानै हो ।

पाँच दशकदेखिको यो चर्चा निर्वाचनका बेला त झन् खुब चल्छ । हरेक चुनावमा भोट बैंक बनेको यो बसपार्कको दृश्यले पर्यटकीय राजधानीलाई गिज्याइरहेको मात्रै छैन ट्राफिक व्यवस्थापनका लागि पनि ठूलो चुनौती बनेको छ ।

पटकपटक डीपीआर बनेर थन्किँदै आएको यो बसपार्क निर्माणमा राजनीतिक इच्छाशक्तिकै कारण अहिलेसम्म बन्न नसकेको स्थानीय नै बताउँछन् । बसपार्क व्यवस्थित नहुँदा पोखराको प्रवेशद्वारमै सडकमा सवारी साधान रोकेर यात्रु चढाउने र ओराल्नुपर्ने बाध्यता छ ।

बसपार्कका जग्गामा अतिक्रमण गरी बनेका अस्थाय टिहराले कुरूपता मात्रै झल्काएको छैन, ट्राफिक व्यवस्थापन पनि ठूलो चुनौती बनेको छ । २०३३ सालमा सरकारले बसपार्क बनाउन अतिग्रहण गरेको २ सय ५ रोपनी जग्गा अहिले खुम्चिएर ४० रोपनी मात्र खुल्ला ठाउँ बाँकी छ ।

बसपार्कमा अहिले लालपूर्जाधारी, पोखरा एयरपोर्टका क्रममा सारिएका र २०५४ सालपछि बसोबास गर्न थालेका सुकुम्बासी गरी ३ थरिका बासिन्दा छन् । अहिले यहाँ बसपार्क नबन्नुको प्रमुख कारण सुकुम्बासीको व्यवस्थापन बनेको छ । स्थानीय बसपार्क बनाउन र उचित व्यवस्थापन भए सर्न तयार पनि छन् तर, राजनीतिक दलहरु नै रूचि देखाउँदैनन् ।

पोखरा उपत्यका नगर विकास समितिको नाममा रहेको उक्त जग्गाको संरक्षण नहुँदा दिनप्रतिदिन बसपार्कको जग्गा घट्दै छ । सुकुम्बासी हटाएर व्यवस्थापन गरे भोट घट्ने भय दलहरुमा छ । बसपार्क बनाउने प्रयास नै नभएको भने होइन । २०६१ सालमा तत्कालीन प्रधानन्त्री सूर्यबहादुर थापाले सुकुम्बासी व्यवस्थापन गरेर पोखरा बसपार्क निर्माण गर्ने मन्त्रिपरिषद्ले निर्णय गऱ्यो ।

२०६५ सालमा उपत्यका नगर विकास समितिका अध्यक्ष विश्वप्रकाश लामिछानेले १० करोड



रुपैयाँ विनियोजन गर्नभयो । डिजाइन तयार गरेर बनाउन सुरू गर्ने बेलामा सरकार परिवर्तन भयो । २०७५ सालमा पोखरा महानगरले छानबिन समिति बनाएर २ सय ५ मध्ये ४० रोपनी मात्रै सुरक्षित रहेको प्रतिवेदन तयार पाऱ्यो ।

उक्त प्रतिवेदनले १ सय ४ जनासाग लालपुर्जा रहेको र ४० रोपनीमात्रै अब बसपार्कका लागि प्रयोगमा आउने बताउँदै सिटी बसपार्कको अवधारणा अघि सार्‍यो । तर बसपार्क निर्माणको काम अघि बढ्न सकेको छैन । पोखरा बसपार्क रहेको यो क्षेत्र प्रतिनिधि सभातर्फ कास्की क्षेत्र नम्बर २ र प्रदेश सभातर्फ क्षेत्र नम्बर २ कु मा पर्छ ।

यही क्षेत्रबाट चुनाव जितेर गएकाहरू संघीयदेखि प्रदेशस्तरसम्म मन्त्री भइसकेका छन् । यसअघि यही क्षेत्रबाटै चुनाव जितेका कांग्रेसका महादेव गुरुङ, एमालेका स्वर्गीय रवीन्द्र अधिकारी, विद्या भट्टराई मन्त्री भए भने दुई पटक गण्डकी प्रदेश सभा सदस्य बनेका कांग्रेसका विन्दुकुमार थापा अहिले पनि मन्त्री हुनुहुन्छ ।

# रास्वपा समर्थकको निशानामा किन परे हमाल ?



काठमाडौं- बिहीबार भएको प्रतिनिधि सभा निर्वाचनको मतपरिणाम सार्वजनिक भइरहँदा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले देशभर अनपेक्षित नतिजा ल्याइरहेको छ । नयाँ शक्तिको रूपमा उदाएको रास्वपाले पुराना राजनीतिक शक्तिहरूलाई धक्का दिइरहँदा सोही पार्टी लक्षित एक अभिव्यक्तिका कारण अभिनेता राजेश हमाल भने विवादमा तानिएका छन् ।

**के थियो हमालको अभिव्यक्ति ?**

निर्वाचनको पूर्वसन्ध्यामा हमालले एक भिडियो सन्देशमार्फत राजनीतिक परिपक्वता भएका पुराना दलहरूको धमिलिएको छवि र नयाँ शक्तिको राजनीतिक दूरदर्शिता स्पष्ट नभइसकेकाले मतदाताका लागि छनोट कठीन रहेको बताएका थिए । उनले भदौ २३ र २४ गतेका घटनाबीच सम्बन्ध थियो वा थिएन भन्ने विषय अझै स्पष्ट नभएको पनि उल्लेख गरेका थिए ।

उनले भिडियोमा भनेका थिए, 'भोट गर्दै गर्दा हामीमाझ चुनौती नै रहनेछ । किनभने, पुराना र राजनीतिक परिपक्वता भएका राजनीतिक दलहरूको धमिलिएको छवि र नयाँ शक्ति भनाउँदाहरूको राजनीतिक अपरिपक्वता र दूरदर्शिता खासै छर्लङ्गका साथ नेपाली जनतामाझ आइसकेको छैन । यो अवस्थामा चुनाव हुँदैछ । यसैले मतदाताका लागि छनोट सजिलो छैन ।' हमालले आफ्नो सन्देशमा पुराना पार्टीलाई 'राजनीतिक रूपमा परिपक्व'को संज्ञा दिएर नयाँ शक्तिलाई 'अपरिपक्व' र 'भनाउँदाहरू' भनेकोप्रति सामाजिक सञ्जालमा धेरैले आपत्ति जनाएका छन् । त्यसलाई कतिपयले रास्वपामाथिको प्रहारका रूपमा लिएका छन् । उनले नयाँ पुस्ताको परिवर्तनको चाहनालाई अपमान गरेको आरोप समेत लागेको छ ।

रास्वपा समर्थकहरूले सामाजिक सञ्जालमा हमाललाई 'पुराना दलको एजेन्ट' र 'परिवर्तन विरोधी' भएको भन्दै टिप्पणी गरिरहेका छन् । धेरैले उनलाई 'आउटडेटेड कलाकार'को संज्ञा समेत दिएका छन् । यद्यपि, हमालले आफ्नो विरोध र आलोचनाबारे हालसम्म कुनै स्पष्टीकरण दिएका छैनन् । आफ्नो अभिव्यक्तिका कारण उनी विवादमा तानिएको सम्भवतः यो पहिलो पटक हो ।

# धनुषा १ विवादका बीच नेकपाका यादवले पाए निर्वाचित भएको प्रमाणपत्र



जनकपुरधाम । निर्वाचन अधिकृतको कार्यालयले धनुषा १ मा नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार मातृका यादवलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार किशोरी शाह कमलको उम्मेदवारी खारेजीले मतगणनाको अन्तिम परिणाम घोषणा विवादमा रहेको बेला मुख्य निर्वाचन अधिकृतको कार्यालयले यादवलाई निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण गरेको हो ।

अन्तिम मतगणना परिणामअनुसार यादवको १० हजार ४०३ मत आएको थियो । कांग्रेसका रामपल्टन साहको ९ हजार ५०२ र एमालेका रामचन्द्र मण्डलको ९ हजार ३१५ मत गणना भएको थियो । यी उम्मेदवारहरूभन्दा १३ हजारभन्दा बढी मत रास्वपाको चुनाव चिह्नमा आएको थियो । तर रास्वपाका उम्मेदवार साहको उम्मेदवारी खारेजी भएको कारणले उनको परिणाम सार्वजनिक गरिएको छैन ।

गत फागुन १८ गते रास्वपाका उम्मेदवार शाहको उम्मेदवारी निर्वाचन आयोगले खारेजी गरेको थियो । साह त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट दिएछन् । सोही रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले तत्काल निर्वाचन क्षेत्र नम्बर १ को अन्तिम परिणाम सार्वजनिक नगर्न आदेश दिएको थियो । तर उम्मेदवार खारेजीको अवस्थामा त्यसपछि आफ्नो पहिलो मत रहेकाले निर्वाचन परिणाम घोषणा गर्न र आफूलाई निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण गर्न नेकपाका उम्मेदवार यादवले दबाब दिएका थिए ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३२,
२०८२ साल फागुन २६ गते मंगलबार
10 MARCH 2026, TUESDAY

# पराजयको मेरो भागमा पर्ने जिम्मेवारी लिन्छु : विश्वप्रकाश

काठमाडौं- नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले प्रतिनिधि सभा निर्वाचनमा पार्टीले भोगेको पराजयको आफ्नो भागमा पर्ने जिम्मेवारी लिन तयार रहेको बताएका छन् । शनिबार भिडिओ वक्तव्य जारी गर्दै उपसभापति शर्माले यस्तो बताएका हुन् ।

'नेपाली कांग्रेस पार्टीको नेतृत्वमा रहेको नाताले अहिलेको पराजयको जिम्मेवारीको भाग मेरो जिम्मेवारीमा पनि पर्छ,' उपसभापति शर्माले भने, 'त्यसको मात्रात्मक रूपमा हामी भोग्छौँ नै । यसको सम्पूर्ण दोष बोक्नैपर्छ भने म बोक्न तयार छु, हामी बोक्न तयार छौँ ।'

मुलुकको नेतृत्व गर्नेगरी राष्ट्रिय स्वतन्त्र पार्टीलाई दिएको जनमत स्वीकार गर्ने पनि उनले बताए । उनले कांग्रेस लगायतका मूलधारका



दलहरूप्रति जनताको विश्वास किन गुम्दै गयो भन्ने विषयमा गम्भीर समीक्षा हुने पनि बताए ।

तत्कालीन महामन्त्री र हालको नेतृत्वको रूपमा पार्टीलाई रूपान्तरण गर्न नसकेको कमजोरी आफूले स्वीकार गर्ने उपसभापति शर्माले बताए । 'निर्वाचनमा सामेल भएर लोकतन्त्रलाई बलियो बनाउन मतदान गर्ने सम्पूर्ण मतदातालाई काँग्रेस पार्टीको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु,' उनले भने ।

विशेष महाधिवेशनमार्फत आफूलाई बदलेको सन्देश जनतामा लिएर जाने प्रयास गरेपनि त्यसका लागि पर्याप्त समय नपुगेको उनले दाबी गरे ।

विशेष महाधिवेशन सकिएको ५० दिन पुग्दा नपुग्दै निर्वाचनमा जानुपरेको उल्लेख गर्दै उपसभापति शर्माले कांग्रेसको अवस्थालाई 'इन्जुरी टाइम' मा मैदानमा उत्रिएको खेलाडी र भर्खरै अस्पतालबाट डिस्चार्ज भएर रेस्लिङ खेल्न पठाइएको बिरामीसँग तुलना गरे ।

**रास्वपालाई...**

नेपालमा यो नै पहिलो निर्वाचन हो जसले एकल बहुमत त्योपनि दुईतिहाई सहितको छ । देश निर्माणमा यो अवसर कोसेढुङगा सावित हुनसक्छ ।

**सर्लाहीमा गगन...**

बालेन्द्रले रोड शो गरेको केही दिनपछि रास्वपा सभापति रवि लामिछाने मलङ्गवा पुगेर थापा लक्षित अभिव्यक्ति दिएका थिए ।

थापालाई लक्षित गर्दै मतदातासँग रविले भनेका थिए,'ठाउँको ठाउँको रोक्नुहोस् ।' मधेसमा छाएको बालेन्द्रको लहरले रास्वपाप्रति मत खनियो । मधेसका ३२ क्षेत्र मध्ये ३१ क्षेत्रमा रास्वपाले जित्यो । पुरानो सत्तालाई विस्थापित गर्न जनताले रास्वपालाई मत दिएको र नयाँ तरिकाले देश सञ्चालन होस् भन्ने अपेक्षासहित बालेनलाई हेरेर मत खसेको सर्लाही क्याम्पसका पूर्व प्रमुख कृष्णदेव यादव बताउँछन् । यादवले भने, 'मधेसले बालेनमा आशा देखेर मत दिएको हो । उहाँले राम्रोसँग व्यवस्थापन गर्नसक्नु भएन भने फेरि आन्दोलन नहोला भन्न सकिन्नँ ।'

कांग्रेस सभापति थापा सर्लाही-४ मा पराजित हुनुमा 'बालेन फ्याक्टर' प्रमुख कारण त छँदै थियो । पार्टीभित्रको आन्तरिक वैमनस्यता, सभापतिलाई लान जोडबल गर्नेहरुप्रति क्षेत्रका नागरिकको बुझाईले प्रतिकूल मत आउनुमा कारण रहे । विभिन्न दलका नेता कार्यकर्ता, समाजका अगुवाहरू कांग्रेसमा प्रवेश हुँदा समेत उनीहरुले मत ट्रान्सफर आशा गरे अनुरुप गराउन नसक्दा मतान्तर बढ्यो ।

स्थानीय नेताहरुका अनुसार मधेस प्रदेशका उपसभापति एवं प्रदेश सांसद वीरेन्द्र सिंह र सर्लाहीको पूर्व सभापति सुरेन्द्र सिंहप्रति धुमिल छविले सभापति थापालाई प्राप्त हुने मत घटेको हो । ठक्का पट्टाको कार्यमा संलग्न सिंह दाजुभाइले शक्तिको आडमा अन्य दलका नेताहरुलाई दुःख दिने कार्य गरेको कांग्रेसका स्थानीय नेता कार्यकर्ता नै स्विकार्छन् ।

कांग्रेसका एक स्थानीय नेताले सुनाए,'सभापति गगनजीले जितेको अवस्थामा सिंह दाजुभाइको रवाफ बढ्ने र आफूहरु प्रताडित हुनुपर्ने अरु दलका नेताहरुलाई लाग्यो । गगन जित्नु भन्दा अमरेश जिताउँदा ठीक हुने भन्दै अघोषित गठबन्धन गरे ।'

उनको कुरालाई गोडैता नगरपालिकाका प्रमुख देवेन्द्रकुमार यादवको भनाइले पुष्टि गर्दछ । स्थानीय तहको निर्वाचनमा लोसपाबाट निर्वाचित भएका यादवले चुनाव हुनु केही दिन अघि सर्लाहीका पत्रकारहरुसँग कुरा गर्ने क्रममा जसपा नेपालले जित्ने अवस्था नहुँदा अमेरशलाई जिताउन उपयुक्त हुने विचार राखेका थिए । जसपा नेपालका उम्मेदवार रामेश्वर राय यादवले मात्रै १८४ मत प्राप्त गरे । जबकी, यस क्षेत्रमा अघिल्लोपटक जसपा नेपालका राकेशकुमार मिश्रले ५ हजार ८१३ मत ल्याएका थिए । जसपाले अघिल्लोपटक पाएको बहुसंख्यक मत रास्वपाका उम्मेदवारलाई ट्रान्सफर भएको कांग्रेसका नेता कार्यकर्ता दाबी गर्छन् ।

सभापति थापाले चुनाव जित्दा सिंह दाजुभाइ हाबी हुने भय मधेसका मुख्यमन्त्री कृष्ण यादवलाई समेत भएको क्षेत्रमा चर्चा छ । विशेष महाधिवेशनको विपक्षमा रहेका मुख्यमन्त्री यादवले आफ्नो पद गुम्ने चिन्ताले सभापति थापा मनैदेखि सहयोग नगरेको एक नेताले सुनाए । उनी भन्छन्,'गगनजीले पछि वीरेन्द्र सिंहलाई मुख्यमन्त्री बनाउने डर कृष्ण यादवमा देखियो । यादव समुदायको मत आकर्षित गर्न उनको भूमिका सोंचे अनुसार भएन ।'

मत परिणाम सार्वजनिक भएसँगै अमरेश र रवीन्द्रको आरोप प्रत्यारोप सामाजिक सञ्जालमा सुरु भइसकेको छ । सभापति थापाले भ्रष्ट व्यक्तिहरुको भर गरेर यस क्षेत्रमा आएको अमरेशले आरोप लगाएका छन् । कांग्रेसका नेताहरु सिंह दाजुभाइ लक्षित गर्दै थापालाई अमरेशले भनेका छन्,'तपाईं आफै आएको भए चुनाव रोचक हुने थियो ।

तर तपाईं भ्रष्टहरूद्वारा आयातित उम्मेदवार हुनुभयो ।' अमरेशले वीरेन्द्रलाई सामाजिक सञ्जालबाट नै जवाफ फर्काएका छन् । अमेरशलाई चेतावनीको शैलीमा वीरेन्द्रले भनेका छन्,'तपाईंहरूको कालाकर्तुत र भ्रष्टाचारको छानबिन गराउन आमनागरिकलाई जिल्लादेखि काठमाडौं माइतीघरको सडकमा बसेर आन्दोलन र आमरण अनशन बस्न बाध्य हुन नपरोस् ।'सभापति थापाको पराजयमा पार्टीभित्रको आन्तरिक कारणले पनि काम गरेका क्षेत्रका नेताहरुको निष्कर्ष छ । विशेष महाधिवेशनको विपक्षमा रहेका शीर्ष तहका नेताहरुले सभापति थापालाई हराउन भूमिका खेलेको जिल्ला तहका एक नेताले सुनाए । उनी भन्छन्,'कार्यकर्ता परिचालन गरे । क्षेत्रका कार्यकर्तालाई आफैं फोन गरेर अनेक हर्कत गरे ।' सभापति थापा सर्लाही पुगेर दर्जनौं फरक दलका दर्जनौं नेता कार्यकर्तालाई प्रवेश गराए । जसपाका नेताहरू मनीष मिश्र, केदारनन्दन चौधरी, केदार सिंह, अभय सिंह, सुशील मिश्र लगायत कांग्रेसमा प्रवेश गरेका थिए ।

अघिल्लोपटक यसै क्षेत्रका उम्मेदवार बहुजन एकता पार्टीका राजाराम पासवानदेखि गत चुनावमा अमरेशलाई सघाएका कमलेश्वर र रविनन्दन चौधरीलाई पनि सभापति थापाले प्रवेश गराएका थिए । लोसपाका पूर्वमहासचिव समेत रहेका यसै क्षेत्रको रामनगर गाउँपालिकाका मिश्रले आफ्नो पालिकाबाट सभापति थापाले लिड गर्ने दाबी गरेपनि मतान्तर घट्न सकेन । बलराका पूर्वप्रमुख समेत रहेका अभय सिंहले आफ्नो पालिकाबाट कांग्रेसको पक्षमा उल्लेख्य मत खसाउन सकेनन् । बलराबाट मतगणना सुरु गरेसँगै अमेरशले अग्रता लिएका थिए ।

सभापति थापाले प्राप्त गरेको मत र अमरेशले प्राप्त गरेको मतको आधारलाई विश्लेषण गर्दा यसपटक मत बढी प्रतिस्पर्धा द्विपक्षीय देखिएको छ । अघिल्लोपटक त्रिपक्षीय प्रतिस्पर्धा हुँदा मत बाँडिएको थियो । १२ देखि १४ हजार मत 'होल्ड' गर्नसक्ने भनिएका शिवपुजन यादवले आफ्नो छोरा अमनिशलाई एमालेबाट उम्मेदवार बनाउँदा उक्त अघिल्लोपटकको मत वचाउन सकेनन् ।

अमनिशले ९ हजार ३४३ मत प्राप्त गरे । २०७९ सालमा शिवपुजनले छोरी मधुमालाकुमारी यादवलाई स्वतन्त्रबाट उठाउँदा उनले १४ हजार ६२२ मत प्राप्त गरेका थिइन् । गत निर्वाचनमा कांग्रेसका उम्मेदवार नागेन्द्र कुमारले प्राप्त गरेको मतबाट चार हजार मत थप्दा समेत सभापति थापाले जित्न सकेनन् ।

२०७९ सालमा नागेन्द्र कुमारले त्यस समय १८ हजार २५२ मत ल्याएका थिए भने यसपटक थापाले २२ हजार ८३१ मत ल्याएका छन् । शिवपुजनसँग रहेको भनिएको मत सहित अघिल्लोपटक जसपा र जनमतले प्राप्त गरेको अधिकांश मत अमेरशको पक्षमा खसेको देखिन्छ । ती दलका उम्मेदवारले प्राप्त गरेको मत उल्लेख्य घटेको छ ।

१ लाख २१ हजार १२ मतदाता रहेको यस क्षेत्रमा जातीय समीकरण अनुसार यादवको संख्या बढी छ । यादव समुदायको अधिकांश मत अमनिशलाई जानेमा ढुक्क रहेका थापाले अन्य समुदायबाट आशातित मत पाउन सकेनन् । कोइरी, दलित, सिंह ब्राह्मण, मुस्लिम लगायतको समुदायका मत अधिकांश तान्न सकिनेमा विश्वस्त रहेपनि थापाको पक्षमा जित्ने गरी मत खसेन । पहाडी समुदाय उल्लेख्य रहेको बरहथवा नगरपालिकाबाट अमेरशलाई भन्दा बढी मत खस्ने अपेक्षा गरेपनि मतान्तर त्यो पालिकाका वडामा प्राप्त मतले मतान्तर घटाउन सकेनन् ।

सभापति थापालाई यस क्षेत्रका मतदातासँग दोहोरो संवाद गर्न लागि भाषाले समस्या पारेको थियो । मूलतः महिलाहरुसँग दोहोरो संवाद गर्न कठिन भएको उनले प्रचारकै क्रममा भनेका थिए । उनीहरुका कुरा बुझेपनि आफ्नो धारणा उनीहरुलाई सुनाउन कठिन भएको सभापति थापाले बताएका थिए ।

क्षेत्रमा पुगेसँगै प्रचारलाई व्यापकता दिएका सभापति थापाले युवा र महिलाहरुको भेला राखेका थिए । प्रचार घरदैलोको क्रममा कतिपय समस्या व्यक्तिगत तवरले हल गर्न सकिने विषयलाई समाधान पनि गरिदिएका थिए । तर, विशेष महाधिवेशन गरेर 'परिवर्तित कांग्रेस' लिएर मतदाताकहाँ आइपुगेको बुझाउन उनलाई समय पर्याप्त भएन । आफ्नो लागि प्रतिकूल रहेको निचोडमा पुगेका सभापति थापा निरन्तर क्षेत्रमा खटे । चुनावी सभाका लागि केही स्थानमा पुगेपनि साँझ सर्लाही नै पुगे । चुनावी माहोल रास्वपाको पक्षमा हुँदा थापाको प्रयत्नले सकरात्मक नतिजा दिन सकेन ।

सर्लाही क्याम्पसमा पूर्व प्रमुख कृष्णदेव यादव सभापति थापा कांग्रेसको जन्मथलोमा आएर प्रतिस्पर्धा गर्दा पराजित हुनु दूर्भाग्यपूर्ण रहेको बताउँछन् । 'सर्लाही-४ आउने उहाँको दूरदर्शी निर्णय थियो । मधेसलाई जबसम्म नेताले बुझ्न सक्दैन । तबसम्म देशलाई बुझ्न सक्दैन । यो कुरालाई राम्ररी बुझेर उहाँले मधेसलाई रोज्नुभयो,' पूर्व क्याम्पस प्रमुख यादव भन्छन्,'मैले देखेको सर्लाही- ४ मा संकीर्ण मानसिकताबाट जकडिएका व्यक्तिहरु रहेछन् ।

संकीर्ण मानसिकताबाट ग्रसित मान्छेहरुले गगनजीलाई पराजित गरेर पठाए । यो मधेसका लागि दुर्भाग्यपूर्ण हो ।'

**जिल्लाकै परिणाम...**

भएका छन् । महोत्तरी क्षेत्र नं १ बाट रास्वपाकै प्रमोद महतो, २ बाट डा । दीपक कुमार साह, ३ बाट उज्वल झा र ४ बाट गौरी कुमारी यादव निर्वाचित भएका हुन् । सर्लाही क्षेत्र नं. १ बाट नितिमा कार्की भण्डारी, २ बाट रविन महतो, ३ बाट नरेन्द्र साह र ४ बाट डा । अमरेशकुमार सिंह निर्वाचित भएका छन् ।

रौतहट क्षेत्र नं. १ बाट रास्वपाकै राजेश चौधरी, २ बाट नेपाली काँग्रेसका फिरोद आलम, ३ बाट रास्वपाका रविन्द्र पटेल र ४ बाट गणेश पौडेल विजयी भएका हुन् । बारा क्षेत्र नं.१ बाट गणेश धिमाल, २ बाट चन्दन कुमार सिंह, ३ बाट अरविन्द साह र ४ बाट रहवर अन्सारी निर्वाचित भएका छन् ।

यस्तै, पर्सा क्षेत्र नं । १ बाट रास्वपाकै बुद्धिप्रसाद पन्त, २ बाट सुशील कुमार कानु, ३ बाट रामाकान्त प्रसाद चौरसिया र ४ बाट टेकबहादुर शाक्य निर्वाचित भएका हुन् ।

**धनुषाको विवाद...**

३२ मध्ये ३१ सिटको नतिजा घोषणा हुँदा रास्वपा ३० वटामा विजयी बन्यो । मधेशमा सप्तरी, धनुषा, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा लगायत आठ जिल्ला छन् । धनुषा १ मा अन्तिम मतपरिणाम घोषणा भएको छैन । रास्वपाका यहाँका उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेज भएको भएको तर उनैले धेरै मत ल्याएपछि आयोगले अन्तिम निर्णय सुनाएको छैन ।

साह सर्वोच्चमा रिट दिएका छन् । निर्वाचन आयोगले मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई एकपत्र पठाउँदै सर्वोच्चले विवाद निरुपण नगरेसम्म मत परिणाम सार्वजनिक नगर्न भनेको छ ।

रौतहटमा फिरदोशले २९ हजार ५ सय २८ मत ल्याएर विजयी हुँदा निकटतम प्रतिद्वन्द्वी नेकपाका किरणकुमार साहले १८ हजार ४ सय ४२ मत प्राप्त गरे । रास्वपाका शेख सगिरले ९ हजार ३ सय २५ले प्राप्त गरेका छन् । मधेशका जिल्लाहरूमा रोचक त के भने रास्वपाका कुनै पनि उम्मेदवार १० हजार भन्दा बढी मतान्तरले जितेका छन् ।

यति मात्र होइन कांग्रेसका केन्द्रीय सभापति गगनकुमार थापा, मधेश केन्द्रित दल जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमतका अध्यक्ष डा । सिके राउत, राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोलाई पराजय भोग्नु परेको छ । हैव्वीवेट मानिएका नेकपा एमालेका उपमहासचिव रघुवीर महासेठ, कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधि, कांग्रेसका निवर्तमान सहमहामन्त्री महेन्द्र यादव नै ठूलो मतान्तरले पराजित भए ।

**धनकुटामा...**

हजार २०८ र समानुपातिकमा ६१ हजार २९२ मत मात्रै सदर भएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार धनकुटामा प्रत्यक्षतर्फ ४ हजार ८८३ र समानुपातिक तर्फ ३ हजार ५९४ मत बदर भएको छ । जसअनुसार यसपटक प्रत्यक्षमा खसेको मतमध्ये ७.६२ प्रतिशत मत बदर हुँदा समानुपातिकतर्फ ५.५४ प्रतिशत मत बदर भएको छ ।

२०७४ यताकै बढी मत बदर

यसपटकको निर्वाचनमा २०७४ प्रतिनिधिसभा निर्वाचन यताकै सर्वाधिक दरमा मत बदर भएको जिल्ला निर्वाचन कार्यालयको तथ्यांकले देखाएको छ ।

२०७९ को प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ यहाँको बदर मतको दर ३.९१ प्रतिशत मात्रै थियो । त्यो बेला प्रत्यक्षको तुलनामा समानुपातिकमा बढी मत बदर भएको निर्वाचन कार्यालयका सूचना अधिकारी सुरज श्रेष्ठले बताए । समानुपातिकमा ५.५५ प्रतिशत मत बदर भएको थियो ।

यस्तै, २०७४ को प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षमा ५.४८ प्रतिशत र समानुपातिकमा ५.६५ प्रतिशत मत बदर भएको थियो ।

मुख्य निर्वाचन अधिकृत हरिश्चन्द्र इङनामले मतदाता शिक्षामा अधिकतम प्रयास भएको दाबी गरे । उनले स्थानीय निर्वाचनको प्रभावले मत बदर भएको अनुमानसमेत गरेका छन् ।

जिल्ला निर्वाचन अधिकारी माधवप्रसाद अधिकारीले जिल्लाका ७ वटै स्थानीय तहका सबै वडामा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिए पनि सीमित समय र स्रोत साधनका कारण प्रभावकारी हुन नसकेको दाबी गरे ।

मत बदरको अर्को कारण मतदान अधिकृतहरूको लापरबाही पनि एक देखिएको छ । साँगुरीगढी गाउँपालिकामा मतदान अधिकृतको हस्ताक्षर बिनाको २० भन्दा बढी मतपत्र फेला परेका थिए ।

यस्तै बदर हुने मुख्य मतपत्रको चिन्हमा स्वस्तिक छापको ठाउँमा औँठा छाप लगाइएका मतपत्रको संख्या पनि ठुलै भेटिएको छ ।

## साउदी अरेबियाको तेल प्रशोधन केन्द्रमासमेत इरानको आक्रमण





काठमाडौं । इरानले पश्चिम एसियाली मुलुकहरूमा आक्रमण जारी राखेको छ ।

अमेरिकी सैन्य केन्द्रदेखि उर्जा केन्द्रसम्मलाई लक्ष्य गर्दै इरानले आक्रमण गरेको हो । पछिल्लो पटक इरानले साउदी अरेबियाको आरामको कम्पनीको रास तानुरा तेल प्रशोधन केन्द्रमा ड्रोन आक्रमण गरेको छ । आक्रमणपछि क्षतिको विवरण सार्वजनिक भइनसके पनि त्यहाँ कार्यरत कामदारहरुलाई सुरक्षित स्थानमा सारिएको छ ।

यसअघि साउदी अरेबियाले आरामको कम्पनीमा आक्रमण गरे इरानी तेल प्रशोधन केन्द्रलाई निशाना बनाउने चेतावनी दिएको थियो । कतारको कतार इनर्जीले पनि प्राकृतिक तरल ग्यासको उत्पादन बन्द गरेको छ । यस्तै बहराइन र दुबईमा विस्फोटका आवाज सुनिएका र कुवेतस्थित अमेरिकी दूतावासनजिक धुँवाको मुस्लो देखिएको बीबीसीले जनाएको छ ।

कुवेतमा अमेरिकी फाइटर जेट दुर्घटनामा परेको भने हालसम्म ४ सैनिकको मृत्यु भएको अमेरिकाले जनाएको छ । यसैगरी, जोर्डानको तटीय सहरमा साइरनका आवाज सुनिएका छन् । साइप्रसस्थित बेलायती सैन्य क्याम्पमा पनि ड्रोन आक्रमण गरिएको छ ।

यो घटनापछि बेलायतले पश्चिम एसियामा रहेका आफ्ना नागरिकलाई उद्दार गर्ने तयारी गरेको छ । यस क्षेत्रमा ३ लाख बेलायती रहेको अनुमान गरिएको छ । यसैगरी अमेरिकी सेनाको शिविर रहेको इराकको इर्बिल विमानस्थलको आकाशमा ३ वटा ड्रोन नष्ट गरिएको पनि अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । इरानले इजरायल लक्षित आक्रमण पनि गरेको छ । इजरायलको बेत सेमेश सहरमा भएको आक्रमणमा ९ जनाको मृत्यु भएको छ । इरानी सुरक्षा प्रमुख अलि लारिजानीले अमेरिकासँग वार्ता नगर्ने पनि बताउनुभएको छ । यता लेबनानको इरानसमर्थित हेजबोल्लाहले मिसाइल आक्रमण गरेपछि इजरायलले पनि जवाफी आक्रमण गरेको छ ।

आक्रमणमा दक्षिणी लेबनानमा ३१ जनाको मृत्यु हुनाको साथै १ सय ४९ जनाको मृत्यु भएको लेबनानी स्वास्थ्य मन्त्रालयले जनाएको छ । इजरायली सेनाले हेजबोल्लाहका गुप्तचर प्रमुख पनि मारिएको दाबी गरेको छ । इजरायलले दक्षिणी लेबनानका ५० वटा गाउँ खाली गर्न पनि निर्देशन दिएको छ । यसैबीच इरानमा अमेरिका र इजरायलको आक्रमणबाट ५ सय ५० भन्दा बढी व्यक्तिको मृत्यु भएको अल( जजिराले जनाएको छ ।

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



# बाल रयापर मञ्जरी तामाङको “चर्चा छ चर्चा छ” बोलको रर्याप गीत सार्वजनिक

काठमाडौं – नेपाली संगीत क्षेत्रमा उदाउँदै गरेकी बाल रयापर मञ्जरी तामाङको नयाँ गीत “चर्चा छ चर्चा छ” सार्वजनिक भएको छ। उक्त गीत मञ्जरीकै अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो, जसले सार्वजनिक भएसँगै संगीतप्रेमी दर्शकमाझ उल्लेखनीय चर्चा बटुल्न थालेको छ।

सानै उमेरमा र्यापमार्फत आफ्नो छुट्टै पहिचान बनाउन सफल मञ्जरी तामाङले यस गीतमा पनि आफ्नो क्षमता प्रभावकारी रूपमा प्रस्तुत गरेकी छन् । विशेषगरी उनको उर्जाशील प्रस्तुति, स्पष्ट शब्द चयन र आकर्षक फ्लोले गीतलाई थप जीवन्त बनाएको छ । दर्शक तथा श्रोताहरूले उनको आत्मविश्वासपूर्ण र्याप शैलीलाई प्रशंसा गर्दै आएका छन्, जसले उनलाई भविष्यकी सम्भावनाशील कलाकारका रूपमा उभ्याएको छ ।



गीतमा मुख्य स्वर गायिका सुस्मिता स्याङ्तानले दिएकी छन् भने र्याप भागमा मञ्जरी तामाङले आफ्नो सशक्त उपस्थिति जनाएकी छन् । गीतको कम्पोज विवेक लोप्चनले गरेका हुन् भने संगीत संयोजन लक्ष्प्रकाश मल्लले गरेका छन् । यसैगरी, मिक्सिङ तथा मास्टरिङ गोविन्द सोनीले गरेका छन् र रेकर्डिस्टका रूपमा अविनाश शर्मा रहेका छन् । गीत प्रिज्म स्टुडियोमा रेकर्ड गरिएको जानकारी दिइएको छ । भिडियोतर्फ पनि गीतलाई आकर्षक बनाउन विशेष ध्यान दिइएको देखिन्छ । भिडियोका निर्देशक तथा कोरियोग्राफर पाल्देन लामा रहेका छन्, जसले गीतको भावअनुसार नृत्य र दृश्य संरचना तयार पारेका छन् । छायांकन रोनिश तामाङ र अलिजा सिजावलले गरेका छन् भने रंग तथा पोस्ट-प्रोडक्सन अनिल बिष्ट प्युठानीले सम्हालेका छन् । सम्पूर्ण भिडियो निर्माणमा युवा पुस्ताको रुचि र समकालीन शैलीलाई प्राथमिकता दिइएको देखिन्छ ।

“चर्चा छ चर्चा छ” गीतको समग्र प्रस्तद्रति आधद्रनिक र यद्रवामद्रखी रहेको छ । गीतका शब्द, संगीत तथा भिडियोको संयोजनले नयाँ पद्रस्तालाई लक्षित गरेको स्पष्ट देखिन्छ । विशेषगरी मञ्जरी तामाङको र्याप पार्टले गीतमा ऊर्जा थप्दै यसलाई फरक बनाएको प्रतिक्रिया सार्वजनिक हद्रन थालेको छ ।

हाल सामाजिक सञ्जालहरूमा पनि गीतले राम्रो प्रतिक्रिया पाइरहेको छ। दर्शकहरूले मञ्जरीको प्रतिभालाई सराहना गर्दै आगामी दिनमा अझ उत्कृष्ट सिर्जना ल्याउने अपेक्षा व्यक्त गरेका छन् ।

संगीत क्षेत्रमा सानै उमेरदेखि सक्रिय मञ्जरी तामाङको यो प्रस्तुति उनको करियरका लागि महत्वपूर्ण कदमका रूपमा हेरिएको छ। उनको निरन्तर मेहनत र लगनशीलताले नेपाली संगीत उद्योगमा नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने संकेत देखिएको छ। यस गीतमार्फत उनले आफ्नो प्रतिभा मात्र नभई भविष्यमा अझ ठूला उपलब्धि हासिल गर्न सक्ने सम्भावना पनि देखाएकी छन्।

# मुस्ताङमा छायांकन गरिएको “तिमी मेरो चाादनी हो” सार्वजनिक

काठमाडौं । प्रेम र समर्पणको भाव बोकेको नयाँ नेपाली गीत “तिमी मेरो चाँदनी हो” सार्वजनिक गरिएको छ । सुन्दर मुस्ताङका मनमोहक दृश्यहरूमा छायांकन गरिएको यस गीतले प्रेमलाई चाँदनीझैँ उज्यालो र पवित्र रूपमा प्रस्तुत गरेको निर्माण पक्षले जनाएको छ ।

गीतमा प्रताप दास र रञ्जिता विश्वकर्माको स्वर रहेको छ । शब्द तथा निर्देशन बिनोद सुनदासले गरेका हुन् भने संगीत संयोजन रबिन भुसालले गरेका छन् ।

गीतको भिडियोमा सिखा बिसि र रमेश विश्वकर्माको अभिनय देख्न सकिन्छ। परियोजनामा सानु बिसिको लगानी र साथ रहेको निर्माण टिमले




जानकारी दिएकाछन् ।

गीत सार्वजनिक भएसँगै सामाजिक सञ्जाल टिकटकमा दर्शक तथा स्रोताबाट सकारात्मक प्रतिक्रिया प्राप्त भइरहेको छ । निर्माण टिमले दर्शक-स्रोताको माया र समर्थनप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै साथको अपेक्षा गरेको जनाएको छ ।

# टिकटकमा भाइरल बन्यो ‘राम नाम सत्य’को ‘धागोले बाटेको’ गीत



काठमाडौं- पछिल्लो समय गीतको लोकप्रियता मापन गर्ने माध्यम नै टिकटक बनेको छ । टिकटकमा गीत भाइरल भएपछि त्यसलाई सफल भएको मान्ने गरिन्छ । यही क्रममा फिल्म ‘राम नाम सत्य’को गीत ‘धागोले बाटेको’ यतिबेला टिकटकमा भाइरल भइरहेको छ । दुई साताको अवधिमा यो गीतमा झन्डै तीन लाख टिकटक भिडियो बनेका छन् भने युट्युबमा पनि यसको भ्यूज उल्लेख्य देखिएको छ। युट्युबमा २१ लाखभन्दा बढीले गीत हेरिसकेका छन् । गीतलाई प्रतिक्रिया पनि निकै उत्साहजनक मिलेको छ । कतिले चुनावको गतिविधिले दिकदार भएको अवस्थामा यो गीतले दिमागलाई शीतल बनाएको बताएका छन् भने कतिले संगीत र दृश्यको प्रस्तुतिकरणको खुलेर प्रशंसा गरेका छन् । गीतकै कारण हलमा फिल्म हेर्न आतुर रहेको प्रतिक्रिया पनि धेरै देख्न सकिन्छ ।

दर्शकहरूले गीत मन पराएपछि निर्देशक माइकल चन्द उत्साहित देखिएका छन् । उनले भने, ‘निर्वाचनको छेकोमा हामीले गीत सार्वजनिक गर्दा धेरैले गलत समयमा गरियो भनेका थिए । तर, गीत सफल हुनेमा हामी विश्वस्त थियौं । आज धेरै दर्शकको मुखमा गीत झुन्डिएको छ । लाखौंको संख्यामा टिकटक बनेका छन् । यसले हामीलाई उत्साहित बनाएको छ ।’

रोमान्टिक शैलीको यो गीतमा धन बहादुर गिरी (बाबुल) र रचना रिमालको स्वर, डा. डीआर उपाध्यायको शब्द तथा गायक गिरी स्वयंको संगीत रहेको छ। सियोन श्रेष्ठको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी विराज भट्ट र सुपुष्पा भट्टलाई देख्न सकिन्छ । दर्शकहरूले उनीहरूको केमेस्ट्री निकै रुचाएका छन् ।

आगामी चैत २७ गतेबाट प्रदर्शन हुने यस फिल्ममा विराज र सुपुष्पासहित सुशील श्रेष्ठ, दिव्या रायमाझी, आयुष सिंह ठकुरी, स्व. सुनिल थापा, प्रशान्त ताम्राकार, कनिज कोइराला, दिनेश डीसी लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । फिल्ममा उपेन्द्र शाही र स्वेता विमली निर्मातामा छन् भने कार्यकारी निर्माताहरू किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार हुन् ।

# आँचलको ‘एक मुठ्ठी बादल’ जेठ १ मा आउने




काठमाडौं- अभिनेत्री आँचल शर्माको मुख्य भूमिका रहेको फिल्म ‘एक मुठ्ठी बादल : माई सेयर अफ स्काई’ आगामी जेठ १ गतेबाट प्रदर्शनमा आउने भएको छ। आइतबार निर्माण कम्पनी गौंथली इन्टरटेनमेन्टले अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति तय गरेको हो । फिल्मलाई नेपालमा आरआर फिल्म्सले वितरण गर्नेछ ।

सहारा शर्माको लेखन तथा निर्देशनमा बनेको यस फिल्ममा आँचलसहित निशा शर्मा, उषा रजक, भिमा मैनाली, अस्मिता गौतम, शेखर चापागाईं, मनिष निरौला, सहयोग अधिकारी, गौरव विष्ट, अविरलप्रताप अधिकारी लगायतका कलाकारहरूको अभिनय रहेको छ । निशा करिब तीन दशकपछि अभिनयमा फर्किएकी हुन् ।

गौंथली इन्टरटेनमेन्ट र मन प्रडक्सनले निर्माण गरेको फिल्ममा अभिमन्यु दीक्षित निर्माता तथा निकुन श्रेष्ठ कार्यकारी निर्मातामा छन् । निर्माण टोलीमा जर्मनका सारा फाजिलात, सामीप्य राज तिमल्सेना र अनुप पौडेल रहेका छन् । थाइल्यान्डको ह्वाइट लाइटले कलर ग्रेडिङ गरेको यस फिल्ममा भियतनामकी लिन्ह डान गुयेन फानको छायांकन तथा भारतकी दीपा भाटियाको सम्पादन छ ।

‘एक मुठ्ठी बादल’ले ‘युरोपियन पोस्ट-प्रोडक्सन ग्रान्ट ह्युबर्ट बल्स फन्ड’ प्राप्त गर्ने पहिलो नेपाली फिल्मको रूपमा इतिहास रचिसकेको छ । तीन पुस्ताको भावनात्मक उतारचढावलाई प्रस्तुत गर्ने यो फिल्मले द्रुत गतिमा परिवर्तनशील नेपाली समाजको पृष्ठभूमिमा परिवारका सदस्यबीचको अपेक्षा, त्याग र व्यक्तिगत आकांक्षालाई चित्रण गर्ने जनाइएको छ ।

# महेश र वर्षालाई लिएर फिल्म ‘टिका’ बन्ने

काठमाडौं- नेपाली समाजमा महिलाले भोग्ने संघर्ष, आत्मसम्मान, अस्तित्व र आत्मनिर्भरताको कथामा फिल्म ‘टिका’ बन्ने भएको छ । आइतबार अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा थिम पोस्टर सार्वजनिक गर्दै यो फिल्मको निर्माण घोषणा गरिएको हो । भविष्य खड्का फिल्मस् र थर्ड आइ आर्ट्सको संयुक्त ब्यानरमा निर्माण हुने यस फिल्मलाई शंकर कार्कीले निर्देशन गर्नेछन् ।

फिल्मको थिम पोस्टरमा ‘टिका’लाई रातो गोलाकारभित्र सेतो अक्षरमा प्रस्तुत गरिएको छ । यसले कथामा विद्रोह, संघर्ष, शान्ति र नैतिक स्वच्छताको भाव झल्किने संकेत दिन्छ । फिल्मको उपशीर्षक ‘राज्यविहीन आत्मा’ राखिएको छ, जसले आफ्नो पहिचान खोजिरहेको व्यक्तिको संघर्षमा कथा केन्द्रित हुने जनाउँछ । यद्यपि, फिल्मको कथावस्तुबारे निर्माण पक्षले केही खुलाएको छैन ।

यस वर्षको सुपरहिट फिल्म ‘जेरी अन टप’की निर्मात्री भविष्य खड्का निर्माता रहेको यस फिल्ममा महेश त्रिपाठी, ऋचा शर्मा, वर्षा सिवाकोटी, निर्मल शर्मा अनुबन्धित भइसकेका छन्। साथमा बाल कलाकार आयुशी ढकालको पनि मुख्य भूमिका रहनेछ। अन्य कलाकार र प्राविधिक छनोटको चरणमा रहेको फिल्मका कार्यकारी निर्माता तेजविक्रम केसीले बताए।

फिल्ममा चन्दन झा र निर्देशक कार्की स्वयंको कथा छ भने पटकथा रामकुमार श्रेष्ठले लेखेका छन्। सम्पूर्ण ‘कास्ट एण्ड क्रू’ तय भइसकेपछि फिल्मको औपचारिक निर्माण घोषणा गरेर यसै वर्ष छायांकन सुरु गर्ने योजनामा निर्माण पक्ष रहेको छ । छायांकनमा जाँदै गर्दा फिल्मको प्रदर्शन मिति समेत घोषणा गरिने जनाइएको छ ।

# बालेनलाई बधाई दिँदै प्रियंका भन्छिन्, ‘नयाँ नेपाल देख्ने आशा अझ बलियो भएको छ’

काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन शाहले झापा-५ बाट प्रतिनिधि सभा सदस्यमा संसदीय इतिहासकै सर्वाधिक मत ल्याएर सानदार जित हासिल गरेसँगै उनलाई सामाजिक सञ्जालमा बधाईको ओइरो लागेको छ । रास्वपाबाट भावी प्रधानमन्त्रीका आकांक्षी समेत रहेका उनको जितमा कलाकारहरू पनि हर्षित देखिएका छन् ।





अभिनेत्री प्रियंका कार्कीले बालेनलाई बधाई दिँदै नयाँ नेपाल देख्ने आशा अझ बलियो भएको बताएकी छन् । उनले शनिबार फेसबुकमा एक पोस्ट लेख्दै भनेकी छन्, ‘अब पूरै देशको नजर तपाईंमाथि छ । हामीले आशा र विश्वासका साथ तपाईंलाई साथ दिएका छौं । हामीले धेरै वर्षदेखि भाषण र नाराहरू सुन्दै आएका छौं । तर, अब देशलाई काम गर्ने नेतृत्व चाहिएको छ ।’

नेपालका युवाहरूले अवसर र समाजले पारदर्शिता खोजेको उल्लेख गर्दै उनले नागरिकहरू फेरि आशामा विश्वास गर्न चाहिरहेको बताएकी छन् । बालेन आशाको किरण बनेर आएकाले जनताले फेरि नयाँ नेपालको सपना देख्न थालेको उनको भनाइ छ । उनले बच्चाहरू नेपालमै बस्ने र यहीं आफ्नो भविष्य देख्न सक्ने अवस्था बनाउन बालेनलाई सुझाव पनि दिएकी छन् ।

प्रियंकाले फागुन २१ गते मतदान गरेपछि सामाजिक सञ्जालमार्फत यसपटक आफूले रास्वपालाई मत दिएको खुलासा समेत गरेकी थिइन् । उनले यो निर्णय कुनै आवेगमा नलिएको बताउँदै परिवर्तनको सम्भावनामा विश्वास गरेर मत दिएको स्पष्ट पारेकी थिइन् । चुनावयता उनको दैनिकी रास्वपाका विजयी उम्मेदवारहरूलाई बधाई दिएर बितिरहेको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३२,
२०८२ साल फागुन २६ गते मंगलबार
10 MARCH 2026, TUESDAY

# साढे ३ लाख रुपैयाँमै बजारमा आयो नयाँ पल्सर



काठमाडौं- बजाज मोटरसाइकल ब्रान्डले बजाज पल्सर १५० को नयाँ संस्करण सार्वजनिक गरेको छ । आधुनिक डिजाइन, उन्नत प्रविधि र उत्कृष्ट कार्यक्षमतासहित आएको नयाँ पल्सर १५० ले नेपाली मोटरसाइकल बजारमा नयाँ उत्साह थप्ने विश्वास कम्पनीले व्यक्त गरेको छ ।

नयाँ संस्करणको पल्सर १५० मा आकर्षक नयाँ ग्राफिक्स, शक्तिशाली एफआई बीएस ६ इन्जिन, सिङ्गल-च्यानल एबीएस, एलईडी हेडल्याम्प तथा ब्लुटुथ सपोर्टसहितको फुल डिजिटल कन्सोल जस्ता आधुनिक फिचरहरू समावेश गरिएको छ। यी विशेषताले मोटरसाइकललाई अझ सुरक्षित, स्मार्ट र प्रयोगमैत्री बनाएको कम्पनीको भनाइ छ।

मोटरसाइकलमा प्रयोग गरिएको इन्धन इन्जेक्सन (एफआई) प्रविधिले राम्रो माइलेज र सहज प्रदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ । त्यसैगरी एबीएस प्रणालीले ब्रेकिङलाई अझ सुरक्षित बनाउनेछ भने डिजिटल कन्सोलले राइडिङ अनुभवलाई आधुनिक बनाउने कम्पनीको दाबी छ।

कम्पनीका अनुसार नयाँ बजाज पल्सर १५० नेपालभरका बजाज अटोका आधिकारिक शोरुममार्फत उपलब्ध गराइएको छ । मोटरसाइकलको प्रारम्भिक मूल्य ३ लाख ५५ हजार ९ सय रुपैयाँ तोकिएको छ । नेपालमा हंसराज हुलासचन्द एण्ड कम्पनी प्रा.लि.ले बजाज मोटरसाइकलको आधिकारिक वितरकका रूपमा सेवा दिँदै आएको छ । कम्पनीले ग्राहकलाई उत्कृष्ट बिक्रीपछिको सेवा र स्पेयर पार्ट्स उपलब्ध गराउँदै आएको जनाएको छ । त्यस्तै नागरिकताको आधारमै फाइनान्स गर्न सकिने भएकाले पहिलेझैँ घरजग्गाको लालपुर्जा, बिजुली वा पानीको बिल, आयस्रोतको प्रमाणपत्रजस्ता कागजात आवश्यक नपर्ने कम्पनीले जनाएको छ। शून्य सर्भिस चार्ज र सरल किस्ताबन्दीमा बाइक लिन चाहने ग्राहकले अन-द-स्पट फाइनान्समार्फत सजिलै मोटरसाइकल प्राप्त गर्न सक्नेछन् ।

नयाँ पल्सर १५० को आगमनसँगै नेपाली युवा र मोटरसाइकल पारखीहरूले अझ शक्तिशाली, स्टाइलिस र प्रविधिमैत्री राइडिङ अनुभव पाउने विश्वास कम्पनीले व्यक्त गरेको छ । इच्छुक ग्राहकहरूले नजिकैको बजाज शोरुममा गएर मोटरसाइकलबारे थप जानकारी लिन तथा टेस्ट राइड गर्न सक्नेछन् ।

# इनड्राइभको 'प्लेटिनम ड्राइभर्स गिभअवे' अभियान सुरु

काठमाडौं। इनड्राइभले नेपालमा 'प्लेटिनम ड्राइभर्स गिभअवे' अभियान सुरु गरेको छ। अघिल्लो संस्करणबाट प्राप्त उल्लेखनीय सफलता र उत्साहजनक प्रतिक्रियापछि यसपटक अभियानलाई अझ परिस्कृत बनाउँदै कम्पनीले ड्राइभर पार्टनर्सको परिश्रम, समर्पण र योगदानको सम्मानस्वरूप कार्यक्रम सञ्चालन गरेको जनाएको छ ।

अभियानअन्तर्गत ग्रान्ड प्राइजमा ब्रान्ड न्यू टाटा एक्सप्रेस-टी ईभी कार, याडिया भेलाक्स ईभी स्कूटर, सामसङ स्मार्टफोन तथा स्टेकेसन प्याकेज समावेश गरिएको छ ।

कम्पनीका अनुसार फेब्रुअरी २३, २०२६ (फागुन ११) देखि मार्च १, २०२६ (फागुन १७) सम्म चालकहरूले प्लेटिनम स्ट्याटस प्राप्त गर्न न्यूनतम ४५ वटा सवारी पूरा गर्नुपर्नेछ। त्यसपछि मार्च २ (फागुन १८) देखि मार्च २९ (चैत १५) सम्म साप्ताहिक चुनौतीहरू सञ्चालन गरिनेछन्, जहाँ प्लेटिनम स्ट्याटस कायम राख्ने चालकहरू साप्ताहिक पुरस्कारका साथै ग्रान्ड प्राइजका लागि पनि योग्य हुनेछन् । क्याब चालकका लागि टाटा एक्सप्रेस-टी ईभी कार र बाइक राइडरका लागि याडिया भेलाक्स ईभी स्कूटर ग्रान्ड प्राइजका रूपमा राखिएको छ । अभियान तीन चुनौतीपूर्ण हप्तामा




सञ्चालन हुनेछ र विजेताहरूको घोषणा गर्दै अप्रिल २, २०२६ (चैत १९) मा कार्यक्रममार्फत ग्रान्ड विजेता सार्वजनिक गरिने कम्पनीले जनाएको छ ।

अभियानअन्तर्गत एक जनाले टाटा एक्सप्रेस-टी ईभी कार, दुई जनाले याडिया भेलाक्स ईभी स्कूटर, १६ जनाले सामसङ स्मार्टफोन तथा चार जनाले स्टेकेसन प्याकेज प्राप्त गर्नेछन्। ग्रान्ड प्राइजका लागि योग्य हुन चालकहरूले अभियानको चारै हप्तामा प्लेटिनम स्ट्याटस कायम राख्नुपर्नेछ भने साप्ताहिक पुरस्कार विजेताहरू प्रत्येक चुनौती हप्तामा प्लेटिनम स्ट्याटस हासिल गर्ने चालकहरूबाट छनोट गरिनेछन् ।

इनड्राइभ नेपालकी सिनियर ड्राइभर अपरेसन्स स्पेसलिस्ट सुनिता जीमी राईले ड्राइभर पार्टनर्स नै कम्पनीको सफलताको आधारस्तम्भ भएको बताउँदै उनीहरूको समर्पण, व्यावसायिकता र सेवाप्रतिको प्रतिबद्धताले निष्पक्ष, पारदर्शी र पहुँचयोग्य गतिशीलताको लक्ष्यलाई व्यवहारमा उतार्न महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरिन् । चालक साझेदारहरूलाई सशक्त, सुरक्षित र सक्षम बनाउँदा सम्पूर्ण इनड्राइभ इकोसिस्टम अझ बलियो र दिगो बन्ने विश्वासका साथ अभियान सञ्चालन गरिएको उनले बताइन् । कम्पनीले आगामी दिनमा पनि चालक साझेदारहरूको योगदानको सम्मान गर्दै यस्ता सहयोगमूलक तथा लाभदायक कार्यक्रमहरू निरन्तर ल्याइने जनाएको छ ।

# वीरगञ्ज हुँदै पाँच खर्ब १९ अर्बको सामान आयात

वीरगञ्ज । वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा पाँच खर्ब १९ अर्ब एक करोड रुपैयाँ मूल्य बराबरका वस्तु तथा सामान आयात गरिएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा ५७ अर्ब ३१ करोड रुपैयाँ अर्थात् १२ प्रतिशत बढी सामान आयात भएको हो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा आयातमा उल्लेखनीय वृद्धि भएको बताए । 'चालु आवमा पेट्रोलियम पदार्थ र फलाम तथा फलामबाट बनेका सामानहरुको आयातको हिस्सा बढी देखिन्छ,' उनले भने । गत आवको सात महिनामा चार खर्ब ६० अर्ब २३ करोड रुपैयाँ मूल्य बराबरका सामान आयात भएको थियो ।



चालु आवको सात महिनामा एक खर्ब छ अर्ब ४३ करोड रुपैयाँ मूल्य पर्ने पेट्रोलियम पदार्थको आयात गरिएको छ। त्यसैगरी, ४६ अर्ब १६ करोड रुपैयाँ मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामानहरुको आयात गरिएको छ। सोही अवधिमा ३५ अर्ब ८७ करोड रुपैयाँ मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात गरिएको छ । ३५ अर्ब ६७ करोड रुपैयाँ मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको जनाइएको छ। २७ अर्ब ९८ करोड रुपैयाँ मूल्य पर्ने इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपुर्जाको आयात गरिएको भन्सार कार्यालयले जनाएको छ ।

# सुजल फुड्सको आम्दानी १.५५ अर्ब नाघ्यो, ५० प्रतिशत बजार हिस्सा ओगटेको दाबी

काठमाडौं । लक्ष्मी ग्रुप अन्तर्गत सञ्चालित सुजल फुड्स प्रालिले सन् २०२५ मा १ अर्ब ५५ करोड ९० लाख रुपैयाँ सञ्चालन आम्दानी गरेको छ । यो अघिल्लो वर्षको तुलनामा २.४९ प्रतिशत अर्थात् ३ करोड ८० लाख रुपैयाँ बढी हो । सन् २०२४ मा कम्पनीको सञ्चालन आम्दानी १ अर्ब ५२ करोड १० लाख रुपैयाँ थियो ।

कम्पनीका अनुसार कन्फेक्सनरी क्षेत्रमा बढ्दो प्रतिस्पर्धा, आयातित ब्रान्डहरूको उपस्थिति तथा कच्चा पदार्थको मूल्यमा हुने उतार-चढावले आम्दानीमा प्रभाव पार्दै आएको छ । मागमा आएको सुस्तता तथा कच्चा पदार्थको बढ्दो मूल्य समायोजन गर्न गरिएको पुनर्मूल्य निर्धारणका कारण सन् २०२४ मा आम्दानी करिब २५ प्रतिशतले घटेको थियो । त्यसपछि सन् २०२५ मा आंशिक सुधार देखिएको कम्पनीले जनाएको छ । विविधीकृत उत्पादन पोर्टफोलियो र देशभर फैलिएको वितरण सञ्जालले पुनरुत्थानमा सहयोग पुऱ्याएको कम्पनीको भनाइ छ ।

कम्पनीले सन् २०२३ मा २ अर्ब २ करोड ७० लाख रुपैयाँ, सन् २०२२ मा १ अर्ब ८९ करोड २० लाख रुपैयाँ, सन् २०२१ मा १ अर्ब ८० करोड ५ लाख रुपैयाँ, सन् २०२० मा १ अर्ब ४६ करोड ६० लाख रुपैयाँ, सन् २०१९ मा १ अर्ब ४० करोड ७० लाख रुपैयाँ सञ्चालन आम्दानी गरेको थियो ।

चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा कम्पनीले करिब ६६ करोड १० लाख रुपैयाँ बराबरको बिक्री गरेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा ६२ करोड ९० लाख रुपैयाँ थियो। यसले आम्दानी क्रमशः सुधारोन्मुख रहेको संकेत गर्दछ।

सन् १९९५ मा स्थापना भएको कम्पनीले वेफर, ललिपप, क्यान्डी, टफी लगायतका उत्पादन गर्दै आएको छ। कम्पनीको प्रमुख ब्रान्ड चोकोफन सन् १९९९ मा बजारमा आएको थियो र हालसम्म उपभोक्तामाझ लोकप्रिय रहँदै आएको छ । साथै 'रासिलो' र 'फ्रेसो' कडा क्यान्डी पनि आम्दानीका प्रमुख स्रोतका रूपमा रहेका छन्। कुल आम्दानीको आधाभन्दा बढी हिस्सा चकलेट समूह (क्यान्डी र ललिपपसहित) बाट आउने गरेको छ भने बाँकी वेफर, गम लगायतका उत्पादनबाट प्राप्त हुने गरेको कम्पनीको भनाइ छ ।

कम्पनीको केन्द्रीय कार्यालय तथा दुई उत्पादन इकाइ पोखरामा अवस्थित छन् । देशभर २३० भन्दा बढी विक्रेतामार्फत कम्पनीले आफ्ना उत्पादन बिक्रीवितरण गर्दै आएको छ । कम्पनीका प्रमुख सेयरधनीहरूमा गणेश बहादुर श्रेष्ठ, सुनिल श्रेष्ठ, अञ्जन श्रेष्ठ, निरञ्जन श्रेष्ठ र निराकर श्रेष्ठ रहेका छन् । प्रत्येकको करिब १७ प्रतिशत स्वामित्व हिस्सा रहेको छ । लक्ष्मी समूहको अटोमोबाइल, स्टिल तथा द्रुत उपभोग्य वस्तु लगायत विभिन्न क्षेत्रमा व्यवसायिक उपस्थिति रहेको छ ।

नाफामा आएको दबाबका कारण ऋण भुक्तानी क्षमतामा चुनौती देखिएको कम्पनीले जनाएको छ । कम्पनीले विभिन्न बैंक तथा वित्तीय संस्थाबाट २७ करोड ३० लाख रुपैयाँ दीर्घकालीन र ६३ करोड रुपैयाँ अल्पकालीन गरी कुल ९० करोड ३० लाख रुपैयाँ ऋण लिएको छ। यसअघि कम्पनीको बैंक ऋण १ अर्ब १० लाख रुपैयाँ रहेको थियो ।

# म्याग्दीमा खानेपानी, सिंचाइ र नदी नियन्त्रणका ८२ योजना



म्याग्दी । म्याग्दीमा चालु आर्थिक वर्ष २०८२८३ मा खानेपानी, सिंचाइ र नदी नियन्त्रणसम्बन्धी ८२ वटा योजना सञ्चालन भएका छन् । खानेपानी, जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालयले ३४ वटा खानेपानी, ४ वटा नदी नियन्त्रण, २९ वटा सिंचाइ, विपद्का ४ र ऊर्जातर्फ २ वटा योजना कार्यान्वयनमा ल्याएको हो ।

कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर झलकमोहन ओझाले ४३ वटा योजनाको ठेक्का लगाएको र बाँकी योजना ठेक्का प्रक्रियामा रहेका जानकारी दिए । 'प्रदेश सरकारको निर्देशनअनुसार यस वर्ष सबै योजना ठेक्का प्रतिस्पर्धाबाट कार्यान्वयनमा लगिएको छ', उनले भने, 'गत वर्ष सुरु भएका दुईवटा योजना निर्माण सकिएका छन् ।'

रत्नेचौर लिफ्ट खानेपानी र मंगला गाउँपालिका-४ को बुकेनी सिंचाइयोजना निर्माण सकिएको हो । सबै योजनाहरूका लागि पुँजीगततर्फ ११ करोड ६८ लाख बजेट विनियोजन भएको छ ।

खानेपानीतर्फ स्रोत सुनिश्चितता भएका १२, क्रमागत १०, मर्मतसम्भार ७ र सर्वेक्षणसम्बन्धी ४ योजना छन् । नदी नियन्त्रणतर्फ कुल १ करोड बजेट भएको पोखरेबगर, सिम, तातोपानी संरक्षण र ठाडोढुंगा पहिरो रोकथाम योजना छन् । सिँचाइतर्फका ११ वटा योजनाको स्रोत सुनिश्चितता, १३ वटा क्रमागत र ५ वटा मर्मतसम्भारसम्बन्धी योजना छन् ।

तनाव व्यवस्थापनमा परिवारको भूमिका

- परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं।
- स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहान गरौं।
- सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं।
- घरपरिवारका सदस्यसाग नियमित कुराकानी गरौं।
- जीवनका स–साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं।
- साथी तथा इष्टमित्रसाग भेटघाट गर्ने बानी बसालौं।

आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार